# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ११ अङ्क ७ पूर्णाङ्क ४७७ | २०८३ भदौ १ गते सोमबार | Monday, 17 August, 2026 | पृष्ठ ८ | मूल्य रू. १०।-


## क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा कमरेड मानसिंहप्रति हार्दिक श्रद्धाञ्जली अर्पण



काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा कमरेड दीपकबहादुर केसी 'मानसिंह'प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ । पार्टीका केन्द्रीय सल्लाहकार समितिका सदस्य कमरेड मानसिंहको गएराती ८ बजे निधन भएको थियो । पार्टीका प्रवक्ता सुदर्शनले एक प्रेस वक्तव्य जारी गरी कमरेड मानसिंहको निधनले पार्टीपंक्ति र शोषित-उत्पीडित वर्गलाई मर्माहत बनाएको उल्लेख गर्नुभएको छ । बाँकी ७ पेजमा

# साम्राज्यवादविरोधी वृहद् मोर्चा निर्माणमा क्रान्तिकारी कम्युनिस्ट पार्टीको पहलकदमी

काठमाडौं । यही साउन २६-२७ मा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको पोलिटब्यूरोको बैठक सम्पन्न भएको छ । बैठकले 'नेपालको स्वाधीनताको रक्षा गरौं, साम्राज्यवाद विरुद्ध संयुक्त मोर्चा निर्माण गरौं' शीर्षकको अवधारणा पत्र पारित गरेको छ । र, साम्राज्यवादविरोधी मोर्चा निर्माणका लागि ९ वटा आधारहरू समेत तयार पारेको छ । राष्ट्रिय स्वाधीनताका लागि संयुक्त मोर्चा निर्माण गर्न ९ वटा आधार तयार पारेको छ । बैठकले लिएका निर्णयहरू सार्वजनिक जानकारीका लागि शुक्रबार जारी प्रेस वक्तव्यमा भनिएको छ, "राष्ट्रिय स्वाधीनताको लागि संयुक्त मोर्चा निर्माण गर्न निम्न आधारहरू प्रस्तुत गर्ने निर्णय गरेको छ : सम्पूर्ण असमान सन्धि सम्झौताहरू खारेजी गर्ने, साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरोध गर्ने, कालापानी, लिपुलेख र लिम्पियाधुरा क्षेत्र फिर्ताको माग गर्ने, भारत र चीनबीच गरिएको लिपुलेख सम्झौता खारेजीको माग गर्ने, मिलेनियम च्यालेन्ज कम्प्याक्ट(एमसिसी) को खारेजीको माग गर्ने, स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी)को विरोध गर्ने, जेनजेड "विद्रोह"लाई साम्राज्यवादद्वारा प्रायोजित भएको मान्ने, अहिलेको सरकारको कार्यशैलीलाई फासीवादी मान्ने, र, अग्रगामी संविधान निर्माण गर्ने विषयमा सहमत हुने ।"

पार्टी प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा भनिएको छ, "यही श्रावण २६ र २७ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको केन्द्रीय समिति अन्तर्गत राजनीतिक परिषदको चौथो बैठक महासचिव क. सिपी गजुरेलको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्न यो प्रेस-विज्ञप्ति जारी गरिएको छ ।

१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐतिहासिक सशस्त्र जनविद्रोह, महान जनयुद्ध र राष्ट्रिय मुक्ति आन्दोलनहरूमा शहादत प्राप्त गर्ने वीर-विराङ्गनाहरूप्रति श्रद्धाञ्जली सहित बेपत्ता, घाइते तथा अपाङ्ग योद्धाहरूको सम्मानमा एक मिनेट मौनधारण गरी बैठकको प्रारम्भ गरियो ।

२) क. महासचिवद्वारा प्रस्तुत "संक्षिप्त राजनीतिक प्रतिवेदन" र "साम्राज्यवादका विरुद्ध संयुक्त मोर्चा निर्माण सम्बन्धी अवधारण" माथि व्यापक छलफल गरी पारित गरियो । संक्षिप्त राजनीतिक प्रतिवेदनमा वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गर्दै "आजसम्म साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताबीचको अन्तरविरोध प्रधान रहेको भएता पनि अन्तर-साम्राज्यवादी अन्तरविरोध तथा श्रम र पूँजीका बीचको अन्तरविरोध पनि सक्रिय रूपमा देखा परेका छन्" भनिएको छ । त्यसरी नै बैठकले राष्ट्रिय परिस्थितिको मुल्याङ्कन गर्दै "नेपालको राष्ट्रिय स्वाधिनतामाथिको खतरा बढेर गएको छ र जनतन्त्र तथा जनजीविका समस्याहरू गम्भीर बनेका छन्" भनी संश्लेषण गरेको छ । पार्टीले "राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा पैदा भएको आजको स्थितिमा राष्ट्रिय स्वाधीनताको प्रश्नलाई अग्रस्थानमा राखी विभिन्न देशभक्त, जनतान्त्रिक र अग्रगामी राजनीतिक पार्टी र व्यक्तित्वहरूका बीचमा राष्ट्रिय राजनीतिक सम्मेलन मार्फत् संयुक्त मोर्चा निर्माण गरी संघर्षका बलमा स्वाधीन संयुक्त सरकारको कार्यनीतिक कार्यक्रमलाई जोड दिएर अगाडि बढाउनु आवश्यक भएको निष्कर्ष निकालेको छ । बैठकले "कुन पार्टीसँग संयुक्त मोर्चा गर्ने भन्ने विषय ती पार्टीले हिजोसम्म अभ्यास गर्दै आएका कार्यदिशा र कार्यक्रमका आधारमा होइन, आज राष्ट्रिय स्वाधीनतामा आएको खतराका विरुद्ध कसको के अडान हुन्छ भन्नेबाट निर्धारण गर्नुपर्दछ" भनी संश्लेषण गरेको छ ।

३) राजनीतिक परिषदको यो वैठकले पार्टी कामको समीक्षा र विभिन्न व्यूरो इन्चार्ज तथा सचिवहरूको रिपोर्टिङ्को सश्लेषण गर्दै क्रान्तिका लागि अनुकूल वस्तुगत स्थिति अनुरूप आत्मगत स्थिति निर्माण गर्ने काममा जोड दिएको छ ।

४) राष्ट्रिय स्वाधीनताको लागि संयुक्त मोर्चा निर्माण गर्न निम्न आधारहरू प्रस्तुत गर्ने निर्णय गरेको छ :

क) सम्पूर्ण असमान सन्धी सम्झौताहरू खारेजी गर्ने ।

ख) साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरोध गर्ने ।

ग) कालापानी, लिपुलेख र लिम्पियाधुरा क्षेत्र फिर्ताको माग गर्ने ।

घ) भारत र चीनबीच गरिएको लिपुलेख सम्झौता खारेजीको माग गर्ने ।

ङ) मिलेनियम च्यालेन्ज कम्प्याक्ट(एमसिसी) को खारेजीको माग गर्ने ।

च) स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी)को विरोध गर्ने ।


छ) जेनजेड "विद्रोह"लाई साम्राज्यवादद्वारा प्रायोजित भएको मान्ने ।

ज) अहिलेको सरकारको कार्यशैलीलाई फासीवादी मान्ने ।

झ) अग्रगामी संविधान निर्माण गर्ने विषयमा सहमत हुने ।

पार्टी महासचिव गौरवले प्रस्तुत एवम् पीवी बैठकले बाँकी ७ पेजमा

## संयुक्त विद्यार्थी संगठनका नेताहरूले गरे क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिवसँग भेटघाट र अन्तरसंवाद



काठमाडौं । सीपी गजुरेल गौरव नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट अखिल (क्रान्तिकारी), नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा (माओवादी) निकट अखिल (समाजवादी), मोहन विक्रम सिंह नेतृत्वको नेकपा (मसाल) निकट अखिल (छैठौं), धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा (बहुमत) निकट अखिल (क्रान्तिकारी), विश्वभक्त दुलाल आहुति नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल निकट वैज्ञानिक समाजवादी विध्यार्थी संगठन, रविन्द्र श्रेष्ठ नेतृत्वको नेकपा (जनपक्ष) निकट अखिल (जनपक्ष) सम्मिलित संयुक्त विध्यार्थी संगठनले ६ वटै पार्टीका मूल नेतृत्वसँग भेटघाट र अन्तरसंवाद गर्न क्रममा बिहीबार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासविच सीपी गजुरेल गौरव लगायत बाँकी ७ पेजमा

# सुकुम्बासीहरूको 'सामूहिक आत्मदाह'को चेतावनी र फासिवादी शासकहरू

काठमाडौं । बालेन्द्र साह नेतृत्वको रास्वपा सरकारले १५ दिनभित्र व्यवस्थापन गर्छु भनेर सम्पूर्ण राज्यशक्तिको चरम दुरूपयोग गर्दै डोजर लगाएर विस्थापित गरेको सय दिन बितिसक्दा पनि कुनै उचित वैकल्पिक व्यवस्थापनको ठोस खाका ल्याउन सकेन । यस बिचमा सरकारकै सुकुम्बासीविरोधी अमानवीय क्रूरताका कारण १० जना सुकुम्बासीहरूले ज्यान गइसकेको छ । १० जना सुकुम्बासीहरूको बालेन सरकारले हत्या गरेको छ । बालेन्द्र साहको प्रतिशोधपूर्ण सनकका कारण ज्यान गुमाएका परिवारलाई न क्षतिपूर्ति दिएको छ, न कुनै सहानुभूति । शासकहरू गरिब सुकुम्बासीमाथि




यति क्रूर, अमानवीय र फासिवादी देखिएका छन् कि उनीहरूमा न्यूनतम मानवीय संवदेना पनि बाँकी रहेको देखिन्न । गरिब सुकुम्बासीहरूको सर्वस्व हरण गरेर मर्न बाध्य पारिरहेको यो सरकारका विरुद्ध सुकुम्बासीहरूले सामूहिक आत्मदाहसम्मका संघर्षका कार्यक्रम घोषणा गरिसकेका छन् । होल्डिङ सेन्टरहरू यातना शिविर र मृत्युशय्यामा परिणत भएका छन् । सुकुम्बासहरू अहिले 'मास डिप्रेसन'को शिकार भएका छन् । उनीहरू आफ्नो अनिश्चित भविष्यको अँध्यारो सुरुङतर्फ धकेलिएका छन् । सुकुम्बासीहरूलाई उपत्यकाभित्र व्यवस्थापन नगर्ने, उनीहरूलाई उपत्यकाबाहिर लखेट्नेमा संसदका सत्तापक्ष र प्रतिपक्षहरू सबैको भाषा एउटै बनिरहेको छ । संविधान, भूमि ऐन, कानुन, नियमावली, कार्यविधिले नचिन्ने अधिकार सम्पन्न बागमती सभ्यता विकास समितिलाई अगाडि सारेर उसकै निर्देशन र सिफारिशमा सुकुम्बासीहरूलाई उपत्यकाबाहिर लखेट्न कथित भूमि समस्या समाधान समितिले पनि उर्दी जारी गरिरहेको छ । एकातिर सबै स्थानीय तहलाई लगत संकलन गर्न भनेर सूचना जारी गर्ने, अर्कोतिर विस्थापित २० हजार बढी भूमि तथा बाँकी ७ पृष्ठमा

## जेलबाट रिहा भएका यादवलाई पार्टी कार्यालयमा गरियो स्वागत



काठमाडौं । झुठा मुद्दामा २ बर्ष २ महिना जेल सजाय काटेर रिहा भएका क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका तत्कालीन मधेस प्रदेश सदस्य तिर्थ नारायण यादवलाई पार्टी कार्यालय कुपण्डोल ललितपुरमा भव्य स्वागत गरिएको छ । पार्टी महासचिव सीपी गजुरेल गौरव र स्थायी समिति सदस्यहरूको उपस्थितिमा खादा लगाइदिएर भव्य रूपमा स्वागत गरिएको हो ।

महोत्तरीको बर्दिबास-१०, खैरमारा निवासी यादवलाई लागू पदार्थको झुठा मुद्दामा फसाइएको थियो । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा पोलिटब्यूरो सदस्य महेश यादवले दिएको जानकारी अनुसार तिर्थ नारायण यादवलाई झुठा मुद्दामा फसाउने नेपाल प्रहरीका तत्कालीन डिएसपी नहकूल पोखरेल हुन् ।

डिसएपी बाँकी ७ पृष्ठमा

## क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको साम्राज्यवाद विरूद्ध संयुक्त मोर्चा निर्माण सम्बन्धी अवधारणा

(२०८३ साउन २६-२७ गते काठमाडौंमा सम्पन्न पोलिटब्यूरो बैठकद्वारा पारित)

१. अहिले कायम रहेको नेपाल राज्यको स्वरूप तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले चलाएको भौगोलिक विजय/राज्य विस्तार अभियानको परिणामस्वरूप काठमाण्डौं कब्जा गरेपछि सन् १७७९ (वि. सं. १८२५) देखि निर्माण हुन थालेको हो । सन् १८१५ (वि. सं. १८७१) मा भएको नेपाल-ब्रिटिश युद्धमा नेपालले पराजय भोगेपछि ब्रिटिशद्वारा उक्त युद्धमा बन्दी बनाइएका नेपाली सैनिकहरूलाई समेटेर ब्रिटिश गोर्खा गठन गरेको थियो भने नेपालले युद्ध समाप्त भएपछि युद्धबन्दीहरूलाई हस्तान्तरण गर्नुपर्ने जस्तो आधारभूत प्रस्ताव समेत राख्न सकेन । सन् १८१६ (वि. सं. १८७२) मा नेपाल र ब्रिटिश-भारतका बीचमा सुगौली सन्धि सम्पन्न भएपछि नेपाल अहिलेको क्षेत्रफलमा सिमित हुन पुग्यो, जसको परिणामस्वरूप नेपाल ब्रिटिश संरक्षित राज्य बन्यो र एक अर्ध-औपनिवेशिक राज्य बन्न पुग्यो । सन् १८४६ (वि. सं. १९०३) मा जङ्ग बहादुर कुंवर (पछि राणा भएका) ले कोतपर्व रचेर सत्ता कब्जा गरेपछि जहानियाँ राणा शासन लागु गरे पश्चात् ब्रिटिश साम्राज्यवादको प्रभाव अझै बढेर गयो । सन् १९३६ (वि. सं. १९९३) मा बिराटनगर जुट कारखाना सन्चालनमा आएपछि नेपालमा । बाँकी ४ पृष्ठमा

## बुर्जुवा सभ्यता र अपराध

दार्शनिकहरूले विचारको सिर्जना गर्दछन्, कविले कविता रच्दछन्, पादरीले धर्मोपदेश दिन्छन्, प्रोफेसरले कार्य निर्देशिका तयार पार्दछन् , इत्यादि । अपराधीले अपराध जन्माउँछन् । यदि हामीले उत्पादनको यस अन्तिम शाखा र सम्पूर्ण समाजको बीचमा विद्यमान सम्बन्धबारे गढेर सोच्ने हो भने कतिपय पूर्वाग्रहहरूबाट मुक्तिपाउन सकिन्छ । अपराधीले अपराध मात्रै होइन फौजदारी कानुनलाई पनि जन्माउँदछ र त्यसै कारणले ती प्रोफेसरहरूलाई पनि, जो फौजदारी कानुनबारे लेक्चर दिन्छन् र यसको साथसाथै त्यस अपरिहार्य कार्यनिर्देशिकाको पनि सिर्जना गर्दछ, जसको माध्यमबाट त्यसै प्रोफेसरले आफ्ना लेक्चरहरूलाई "वस्तुको" रूपमा बजारमा ल्याउँदछ । यसले राष्ट्रिय सम्पदाको वृद्धि गराउँदछ र त्यस व्यक्तिगत तृप्तिको भावनाको त कुरै नगरौं, जुन यस्तो कार्य निर्देशिकाले सुयोग्य प्रत्यक्षदर्शी प्रोफेसर रोसेर महोदयको भनाई अनुसार स्वयं त्यसको जन्मदातालाई प्रदान गर्दछ ।

यति मात्रै होइन, अपराधीले सम्पूर्ण पुलिस र फौजदारी न्याय व्यवस्था, जासुसहरू, न्यायाधीशहरू, जल्लादहरू, अभिनिर्णायक मण्डलीका सदस्यहरू, आदिका पूरै समूहको सिर्जना गर्दछ र यी सबै विभिन्न पेशाहरूले, जसमध्ये प्रत्येकले सामाजिक श्रम विभाजनको निश्चित प्रवर्गको प्रतिनिधित्व गर्दछ, मानव आत्माका विविध क्षमताको विकास गर्दछन्, नयाँ नयाँ आवश्यकताहरू र तिनको परिपूर्तिका नयाँनयाँ तरिकाहरूको आविष्कार गर्दछन् । केवल यन्त्रले मात्रै पनि अति विलक्षण यान्त्रिक आविष्कारहरूलाई जन्माएको छ र ती औजारहरूको उत्पादनमा कैयौं



● कार्ल मार्क्स ●

नामुद शिल्पकारहरूलाई प्रयोग गरेको छ ।

अपराधीले अवस्थाअनुसार कहिले नैतिक शिक्षादायी त कहिले दुःखदायी प्रभाव पार्दछ, र यस प्रकारले बाँकी ७ पृष्ठमा

## सम्पादकीय

### सुकुम्बासीहरुको 'सामूहिक आत्मदाह'को चेतावनीप्रति गम्भीर बन

बालेन्द्र साहको नेतृत्वमा सरकार गठन भएयता राज्यको प्रत्यक्ष परोक्ष दमनमा परी दर्जनौं नागरिकले ज्यान गुमाइसकेका छन् । गरिब-सुकुम्बासीहरूलाई सरकारले मर्न बाध्य पारिरहेको छ । बालेन्द्र साह नेतृत्वको रास्वपा सरकारले १५ दिनभित्र व्यवस्थापन गर्छु भनेर सम्पूर्ण राज्यशक्तिको चरम दुरूपयोग गर्दै डोजर लगाएर विस्थापित गरेको सय दिन बितिसक्दा पनि कुनै उचित वैकल्पिक व्यवस्थापनको ठोस खाका ल्याउन सकेन । यस बिचमा सरकारकै सुकुम्बासीविरोधी अमानवीय क्रूरताका कारण १० जना सुकुम्बासीहरूले ज्यान गुमाइसकेको छन् । यो बालेन्द्र सरकारले गरेको संस्थागत हत्या हो । बालेन्द्र साहको प्रतिशोधपूर्ण सनकका कारण ज्यान गुमाएका परिवारलाई न क्षतिपूर्ति दिएको छ, न कुनै सहानुभूति । शासकहरू गरिब सुकुम्बासीमाथि यति क्रूर, अमानवीय र फासिवादी देखिएका छन् कि उनीहरूमा न्यूनतम मानवीय संवदेना नै बाँकी रहेको देखिन्न । गरिब सुकुम्बासीहरूको सर्वस्व हरण गरेर मर्न बाध्य पारिरहेको यो सरकारका विरुद्ध सुकुम्बासीहरूले 'सामूहिक आत्मदाह'सम्मका संघर्षका कार्यक्रम घोषणा गरेर निरन्तर संघर्षमा जुटिरहेका छन् ।

होल्डिङ सेन्टरहरू यातना शिविर र मृत्युशय्यामा परिणत भएका छन् । सुकुम्बासीहरू अहिले 'मास डिप्रेसन'को शिकार भएका छन् । उनीहरू अनिश्चित भविष्यको अँध्यारो सुरुङतर्फ धकेलिएका छन् । सुकुम्बासीहरूलाई उपत्यकाभित्र व्यवस्थापन नगर्ने, उनीहरूलाई उपत्यकाबाहिर लखेट्नेमा संसदका सत्तापक्ष र प्रतिपक्षहरू सबैको भाषा एउटै बनिरहेको छ । संविधान, भूमि ऐन, कानुन, नियमावली, कार्यविधिले नचिन्ने अधिकार सम्पन्न बागमती सभ्यता विकास समितिलाई अगाडि सारेर उसकै निर्देशन र सिफारिशमा सुकुम्बासीहरूलाई उपत्यकाबाहिर लखेट्न कथित भूमि समस्या समाधान समितिले पनि उर्दी जारी गरिरहेको छ । एकातिर सबै स्थानीय तहलाई लगत संकलन गर्न भनेर सूचना जारी गर्ने, अर्कोतिर विस्थापित २० हजार बढी भूमि तथा आवासविहीनहरूको लगत संकलन चाहिँ वागमती सभ्यतालाई अगाडि सारेर गर्ने । बालेन नेतृत्वको यो रास्वपा सरकारले सुकुम्बासीमाथि यो हदसम्मको असंवैधानिक, गैरकानुनी र घोर अमानवीय क्रूर र फासिवादी नीति लिएको छ कि उनीहरूले काठमाडौं उपत्यकाभित्रका सुकुम्बासीहरूलाई नागरिकको दर्जामा नै राखेनन् । दुई नम्बरको दर्जामा राखे ।

नेपाली जनसर्वसाधारणले आफ्नो जीन्दगीभरिको श्रम खर्चेर निकै मुस्किलले (ऋणपान गरेर) एउटा घर बनाएका हुन्छन् । विगत २२ वर्षदेखि ५४ वर्षसम्मको श्रम, पसिना खर्चिएर बनाएका घरलाई २४ घण्टाको पनि सूचना नदिएर अत्यावश्यक दैनिक उपभोग्य सरसामानहरू समेत घरबाट निकाल्न नपाई डोजर लगाएर ध्वस्त पारिदिएपछि ती श्रमजीवीहरूको दैनिकी आज कसरी बितिरहेको होला ? के यो पीडाको अनुभूतिको गहिराइ यी सम्भ्रान्त अभिजातवर्गीय शासकहरूले छाम्न सक्छन् ? कदापि सक्दैनन् । के मर्ने कसैको रहर हुन्छ ? आत्महत्या कायरता हो तर आत्मदाह राज्यविरुद्धको एउटा सशक्त प्रतिरोध हो । सुकुम्बासीहरूले 'सामूहिक आत्मदाह'को चेतावनी दिँदा पनि सरकार कानमा तेल हालेर बसिरहेको छ । जुन स्कै फण्डा, स्टन्ट र घटना घटाएर सुकुम्बासीमाथिको यो बर्बरतालाई ओझेलमा पार्न खोजेपनि यो मुद्दा यति संवेदनशील र गम्भीर छ कि शासकहरूले हजारौ सुकुम्बासी युवाहरूलाई शासकहरूका विरुद्ध बम र बन्दुक बोक्न बाध्य पार्दैछ । राज्यले गरेको हिंसाका विरुद्ध प्रतिहिंसा पुस्तान्तरण हुँदै जाने स्थिति देखिएको छ । सुकुम्बासीहरूको आत्मसम्मान र मानव अधिकारको राज्यले यसरी हुर्मत लियो कि अब 'लालपुर्जा' रूपी एउटा खोस्टोले उनीहरूको भौतिक र मानसिक स्वास्थ्यमाथिको आघात सजिलै मेटिने स्थितिमा छैन । शासकहरूको यो खेलाँची, हेपाहा, अमानवीय र फासिवादी व्यवहार उनीहरूलाई नै निकै महंगो साबित हुनेछ । बालेन्द्र सरकारको गरिब सुकुम्बासीमाथिको अपराधको घडा भरिदै गएको छ । पाप धुरीबाटै कराउने छ । जनताको अदालतको कठघरामा अपराधीहरूलाई आवश्यक सजायको लागि पीडितहरूले अहिले एक एक हिसाब राखिरहेका छन् । शासकहरूको अन्याय र अत्याचारको आयु लामो हुँदैन । गरिब-सुकुम्बासीहरू सचेत र संगठित हुँदै क्रमशः प्रतिरोध आन्दोलन उठाउँदै छन् । इतिहासका निर्माता श्रमजीवी वर्ग हो ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# देशको संविधान एकातिर सरकार अर्कातिर



● डा. केशव देवकोटा ●

नेपालको खासगरी राजनीतिक क्षेत्रमा बिचित्रका गतिबिधिहरू हुनेक्रम जारी छ । जसमा नेपालको बर्तमान सरकार र ०७२ को संविधानका बीचमा तालमेल नमिलेको देखिन्छ । कुनैपनि देशको सरकारले मूल कानून मानिने संविवधानको अक्षरस पालना गरेनभने एकातिर देश अगाडि बढ्न सक्दैनभने अर्कातिर जनताले पनि कानूनको पालना गर्दैनन् । जसलेगर्दा देश कुनैपनि बेला अकल्पनीय राजनीतिक दुर्घटनामापर्ने संभावना हुन्छ । यो आलेखमा हाल नेपालमा नाममात्रको भएपनि लोकतान्त्रिक गाणतन्त्रात्मक प्रकृतिको संविधान र निरंकुश तथा स्वेच्छाचारी प्रकृतिको सरकारकाबीचमा कसरी खिचातानी भैरहेको छभन्ने बिषयमा संश्लेषणगर्ने प्रयास गरिएको छ । गत भदौ २३ र २४ को घटनाले कानूनी राज्यको खुलेयाम उल्लंघन गरेको थियोभने राष्ट्रपतिको भदौ २७ को घोषणाले संविधानलाई थप संकटमा पुऱ्याउने काम गरेको थियो । यसरी देश कानूनी राज्यको मान्यताबाट च्युत भएको अवस्थामा गत फागुन २१ गते निर्वाचन भएर बर्तमान सरकार गठन भएका कारण यो सरकारले कम सेकम आफ्नो टिकाउका लागि भएपनि राष्ट्रिय एकता र सहमतीय राजनीतिको बाटो लिनुपर्ने थियो । तर यो सरकारले पनि गठन भएलगत्तै एकातिर राष्ट्रिय एकता र सहमतीय राजनीतिलाई बिथोल्ने काम गऱ्योभने अर्कातिर बिद्यमान संविधानको पालना गर्ने/गराउने प्रयास पनि गरेन । ०७२ को संविधानले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित गरेको छ । देशको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ । राज्यका संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाको व्यवस्था गरिएको छ ।

देशलाई सातवटा प्रदेशमा विभाजन गरिएको छ । संविधानमै नागरिकका लागि ३१ भन्दा बढी मौलिक हकहरूको व्यवस्था गरिएको छ । आमा वा बाबु दुवैको नामबाट वंशजको नागरिकता पाउने अधिकार दिइएको छ । तर ०७४ को निर्वाचनपछि आएका कुनैपनि सरकारहरूले संवैधानिक ब्यवस्थाको पालना नगरेका कारण स्वेच्छाचारिता देशमा बढेर गएको अवस्था छ । सरकारभनेको राज्य सञ्चालनगर्ने प्रमुख संस्था हो । सरकारको मुख्य दायित्व भनेकै नागरिकको सुरक्षा र अधिकारको संरक्षणगर्नु तथा देशको समग्र विकासगर्नु हो । त्यसैगरी देशमा आन्तरिक शान्तिसुरक्षा कायमगर्नु र बाह्य आक्रमणबाट देशको रक्षागर्नु हो । नागरिकको सुरक्षा राज्यको प्रमुख दायित्व हो । कुनैपनि राज्यमा त्यहाँका नागरिकले आफ्नो जीवन, सम्पत्ति, अधिकार र स्वतन्त्रता सुरक्षित भएको अनुभूतिगर्न पाउनु पर्दछ । देशमा शान्तिसुरक्षा कायमगर्नु, अपराध नियन्त्रणगर्नु, विपद्को समयमा उद्धार तथा राहत उपलब्ध गराउनु र नागरिकका मौलिक अधिकारको संरक्षणगर्नु राज्यका महत्वपूर्ण जिम्मेवारीहरू हुन् । कानूनको प्रभावकारी कार्यान्वयन, भ्रष्टाचार नियन्त्रण, सामाजिक सद्भाव, सुरक्षित वातावरण र जनचेतनालेमात्र नागरिक सुरक्षालाई अझ बलियो बनाउँछन् । त्यसैले सुरक्षित र समृद्ध समाज निर्माणका लागि नागरिकको सुरक्षालाई कुनैपनि राज्यले सर्वोच्च प्राथमिकतामा राखेको हुनुपर्दछ । त्यसैगरी सरकारको काम कानूनको शासन कायम गर्नु/गराउनु पनि हो । सबै नागरिकलाई समानरूपमा कानूनी संरक्षण दिई न्यायपूर्ण र निष्पक्ष शासन सञ्चालन गरिएको हुनुपर्दछ । कानूनी शासन भन्नाले देशमा व्यक्ति वा सरकारको इच्छा होइन, कानून सर्वोच्च हुने र सबै नागरिक तथा राज्यका निकाय कानूनको अधीनमा रहने व्यवस्था हो । जसलाई विधिको शासन पनि भनिन्छ ।

कानूनी समानता भनेको राज्यले धनी,गरिब, शक्तिशाली तथा सामान्य सबैलाई कानून समानरूपमा लागूगरेको हुनुपर्दछ । स्वतन्त्र र सक्षम न्यायपालिका बनाउने होभने अदालतलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी निष्पक्ष न्याय सुनिश्चित गरिएको हुनुपर्दछ । नागरिकका संविधानप्रदत्त अधिकारको सम्मान र रक्षा गर्नुपर्छ । सरकारमा रहेकाहरूलाई पनि कानूनको सीमामा राखिएको हुनुपर्दछ । भ्रष्टाचार र दण्डहीनता नियन्त्रणगर्ने उचित ब्यवस्था हुनुपर्दछ । सरकारी निर्णय र कामकारवाही जनताप्रति उत्तरदायी हुनुपर्छ । स्वतन्त्र सञ्चारमाध्यम र नागरिक सहभागिता सुनिश्चित गरिएको हुनुपर्दछ । छोटकरीमा भन्नेहोभने कानूनी शासन स्थापना गर्न/गराउन सरकारले राम्रो कानून निर्माण गर्नुकासाथै त्यसको निष्पक्ष कार्यान्वयन, स्वतन्त्र न्यायपालिका, मानव अधिकारको संरक्षण, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरेको हुनुपर्दछ । सरकारमा बस्नेहरूले नागरिकको स्वतन्त्रता, समानता, अभिव्यक्ति, शिक्षा, स्वास्थ्य लगायतका अधिकारबारे पहिले दीक्षित हुनुपर्दछभने दृढ पनि हुनुपर्दछ । त्यसैगरी रोजगारी सिर्जना, उद्योग/व्यवसायको प्रवर्द्धन, गरिबी न्यूनीकरण तथा पूर्वाधार विकासमा सरकारले प्रभावकारी भूमिका खेलेको हुनुपर्दछ । लोकतन्त्रमा जनताका मौलिक हक भनेका संविधानले प्रत्येक नागरिकलाई प्रदानगरेका आधारभूत अधिकारहरू हुन्भन्ने कुरालाई जहिले पनि ख्याल गरिएको हुनु पर्दछ । ०७२ को संविधानले बिभिन्न मौलिक हकको व्यवस्था गरेको छ । समानताको हक, स्वतन्त्रताको हक, संघसंस्था खोल्ने हक, आवत-जावतगर्ने आदि स्वतन्त्रता आदि पर्दछन् । प्रशासनलाई पारदर्शी, जवाफदेही, भ्रष्टाचारमुक्त र नागरिकमैत्री बनाइएको हुनुपर्दछ । लोकतान्त्रिक शासन ब्यवस्थामा राष्ट्रिय एकता र सामाजिक सद्भाव कायमगर्नु सरकारको प्रमुख कर्तब्यनै मानिन्छ । यसरी समानता, न्याय, समावेशिता, सहिष्णुता र पारस्परिक सम्मानलाई प्राथमिकता दिएर सरकारले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई बलियो बनाउन प्रयास गरेको हुनुपर्दछ ।

त्यसैगरी कुनैपनि देशको सरकारले राष्ट्रिय हितको संरक्षणगर्दै अन्य देशसँग मैत्रीपूर्ण तथा पारस्परिक सहयोगको सम्बन्ध कायम गरेको हुनुपर्दछ । कुनैपनि देशले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाउन अन्य देशसँग मैत्रीपूर्ण र नियमित संवाद कायमगर्ने, परराष्ट्र नीतिमा स्पष्टता राख्ने, राष्ट्रिय हित, सार्वभौमिकता र समानताको आधारमा सन्तुलित नीति अपनाउने तथा अन्तर्राष्ट्रिय कानून र सम्झौताको सम्मान गरेको हुनुपर्दछ । नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भएको नताले उसले राष्ट्रसंघको घोषित सिद्धान्त तथा अन्तर्राष्ट्रिय नियम पालना गरेको हुनैपर्दछ । नेपालजस्तो मुलुकको सरकारले शान्ति र सहकार्यलाई प्राथमिकता दिएको हुनुपर्दछ । हरेक विवादलाई वार्ता र कूटनीतिक माध्यमबाट समाधानगर्ने, विश्वसनीयता र राष्ट्रिय प्रतिष्ठा कायमगर्ने, देशको प्रतिबद्धता पूरागर्ने, पारदर्शी व्यवहारगर्ने र अन्तर्राष्ट्रिय समुदायमा सकारात्मक छवि बनाउने । क्षेत्रीय सहकार्य बढाउने । छिमेकी देशहरूसँग पारस्परिक लाभका क्षेत्रमा सहकार्यगर्ने तिर निरन्तर ध्यान दिएको हुनुपर्दछ । सरकारको प्रयास बलियो अर्थतन्त्र, सुशासन, प्रविधि र मानव संसाधन विकास गरेर अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो प्रभाव बढाउने तिर केन्द्रित हुनुपर्दछ । खासमा भन्ने होभने सरकार भनेको जनताको सेवक र राष्ट्रको संरक्षक हो ।

जनताको अधिकारको सम्मानगर्दै सुरक्षा, न्याय, सुशासन र समावेशी विकास सुनिश्चितगर्नु सरकारको मूल दायित्व र कर्तव्य हो । सरकार आफ्नो जिम्मेवारीप्रति जवाफदेही भएमामात्र देशमा शान्ति, समृद्धि र दिगो विकास हाशिलगर्न सकिन्छ । तर पछिल्लो समयमा नेपालमा एकातिर ०७२ को संविधान पूर्ण रूपमा कार्यान्वयन पनि हुन सकेन । अर्कातिर संशोधन पनि हुनसकेको छैन । तर सरकारले एकैपटक सयौं ऐन कानून संशोधनगर्ने तयारी गरेको छ । जसलेगर्दा बिभिन्न कानूनी र ब्यवहारिक चुनौतीहरूको सिर्जना भएका छन् । कतिपय पार्टी र शक्तिले त ०७२ को संविधानलाई देशमा बिद्यमान सबै समस्याहरूको जड भनेका छन् । कुनैपनि देशको संविधान र सरकार समस्याहरूको समाधान गर्ने/गराउने माध्यम हुनुपर्नेमा आफै समस्याको जड भएपछि देशको सुदुर भबिश्य अन्धकार हुन्छ । नेपालमा भएको पनि त्यहीनै हो । जसकाबारेमा सर्बदलीय र सर्बपक्षीय गोलमेच सम्मेलनको आयोजना गरेर छलफल चलाउनु आजको मुख्य आवश्यकता हो । देशको राष्ट्रिय राजनीतिलाई धमिल्याएर बिभिन्न स्वार्थ समूहहरूलाई माछा मार्ने अवसर प्रदानगर्नु राम्रो होइन ।

# चेनै दक्षिण नगरअन्तर्गत महिला विभागको तेस्रो भेला सम्पन्न



एजेन्सी । अखिल भारत नेपाली एकता समाज चेन्नई दक्षिण नगर समिति अन्तर्गत महिला विभागको तेस्रो भेला ९ अगस्त २०२६ का दिन सम्पन्न भएको छ। उक्त भेलाको अध्यक्षता लक्ष्मी सुवेदीले गर्नु भयो। अतिथिको आशनग्रहण पछि सहिदहरूको सम्झनामा एक मिनेट मौनधारण गरिएको थियो। उपस्थित जनमानसलाई शब्दबाट पार्वती सुवेदी र संगीतबाट रक्तिम अभियानले स्वागत गरेका थिए। प्रमुख अतिथि अखिल भारत नेपाली एकता समाजकी केंद्रीय सचिवालय सदस्य तथा महिला विभाग ईन्चार्ज दुर्गा सुवेदीले भेलाको उद्घाटन गर्नु भएको थियो। भेलाले लक्ष्मी सुवेदीको अध्यक्षतामा १९ सदस्यीय चेन्नई दक्षिण महिला विभाग गठन गरेको छ। जसमा उपाध्यक्ष सिता पौडेल, माया थापा, सह सचिव पार्वती सुवेदी, कोषाध्यक्ष खिमा गिरी, सदस्यहरूमा नन्दकला परियार, माया परियार, देवी गिरी, देवी पौडेल, गंगा शर्मा, शान्ति परियार, सिता सुवेदी, गंगा आचार्य, पुनम नेपाली र शावित्रा पौडेल रहनु भएको छ। भेला सफलताको शुभकामना तथा वधाई दिनेहरूमा केन्द्रीय सचिवालय सदस्य तथा चेन्नई उत्तर नगर अध्यक्ष उमानन्द आचार्य, केन्द्रीय सचिवालय सदस्य तथा चेन्नई दक्षिण नगर अध्यक्ष भुव सुवेदी , केन्द्रीय सदस्य रामकुमार केसी, रामु नेपाली, हिरा गिरी रहनु भएको थियो भने कार्यक्रमको संचालन माया थापाले गर्नु भएको थियो।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# संस्कृति भनेको के हो ?

## "सांस्कृतिक बिनाको सेना बोधो सेना हो, र बोधो सेनाले शत्रुलाई हराउन सक्दैन ।"

*– माओ त्सेतुङ, "सांस्कृतिक कार्यमा संयुक्त मोर्चा" (अक्टुबर ३०, १९४४)*



● हस्तबहादुर के.सी. ●

यस आलेखमा संस्कृति भनेको के हो ? भन्ने बारेमा लेख्न ग्रयत्न गरिएको छ। संस्कृति आन्तरिक, मानसिक, वैचारिक तथा परम्परागत धारणा हो। सभ्यता बाहिरी पक्ष हो भने संस्कृति आन्तरिक पक्षमा रहन्छ। यो सामाजिक आचरणको परिष्कृत रूप हो। कुनै राष्ट्र वा जातिको समाजिक जीवन, राजनीति र अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौध्दिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप, धेरै समय पहिलेदेखि देश, कालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको आएको र आचार, विचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन् भौतिक अभिव्यक्तिहरू समेतको समुह वा साधन, कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि रूप संस्कृति हो। यसमा सामाजिक र ऐतिहासिक व्यवहारको प्रक्रियामा मानिसद्वारा निर्माण गरिएको,गरिँदै आएको र समाजको विकासमा प्राप्त भएका ऐतिहासिक चरणलाई लक्षित गर्ने समस्त भौतिक तथा आत्मिक मूल्यको योग नै संस्कृति हो।

संकुचित अर्थमा भौतिक संस्कृति, प्रविधि, उत्पादन अनुभव, भौतिक मूल्य तथा आत्मिक संस्कृति, विज्ञान, कला तथा साहित्य, दर्शन, नैतिकता र शिक्षा आदि पर्दछन्। संस्कृति ऐतिहासिक परिघटना हो। यसको विकास सामाजिक र आर्थिक रचनाका क्रममा निर्भर गर्दछ। आदर्शवादी (आध्यात्मवमदी) सिध्दान्तले आत्मिक संस्कृतिलाई भौतिक आधारबाट अलग गर्दछ र यसलाई सम्भ्रान्त वर्गको निर्माणको रूपमा लिन्छ। तर मार्क्सवादले भौतिक सम्पदाको उत्पादनको प्रक्रियालाई आत्मिक संस्कृतिको विकासको आधार र श्रोत मान्दछ।

संस्कृति दुई किसिमका हुन्छन्- (१) भौतिक र (२) आत्मिक

***(१) भौतिक संस्कृति***

भौतिक संस्कृति त्यो हो जसले मानिसद्वारा उत्पादनको निम्ति संघर्ष,वर्गसंघर्ष र वैज्ञानिक प्रयोगको प्रक्रियामा प्राप्त गुणात्मक उपलब्धिको स्तरलाई अभिव्यक्त गर्दछ। भौतिक संस्कृति भन्नाले श्रमका औजार, उत्पादनमूलक गतिविधि, दैनिक जीवनमा प्रयोग गरिने सामाग्री र मानवीय क्षमताको विकास, ज्ञान तथा स्तरको समग्र प्रक्रियालाई बुझ्नुपर्छ।

***(२) आत्मिक संस्कृति***

आत्मिक संस्कृति त्यो हो जसमा मानिसको प्रकृति तथा सामाजिक जीवन सम्बन्धि ज्ञान, दृष्टिकोण, क्षमता र आचरणको स्तर अभिव्यक्त भएको हुन्छ। आत्मिक संस्कृति अन्तर्गत दर्शन, राजनीति, नैतिकता, शिक्षा, कला, सौन्दर्य चिन्तन, विज्ञान आदि विषय पर्दछन्। समग्रमा संस्कृति भनेको मानिसद्वारा आर्जित भौतिक तथा आत्मिक मूल्यहरूको संश्लेषण हो।

संस्कृति के हो ? भन्ने प्रश्नमा संस्कृति सम्बन्धित समाजको आर्थिक तथा राजनीतिक जीवनको वैचारिक प्रतिबिम्ब हो। संस्कृति समस्त उत्पादनमूलक गतिविधिसहित विचार, भावना, मूल्य, दृष्टिकोण, अभिमत, अभिरुचि र आचरणमा आधारित हुन्छ। सामाजिक चेतनाका विभिन्न रूपहरूले संस्कृतिको संवहन गर्दछन्। वर्गसमाजमा सामाजिक चेतनाका सबै रूपहरू वर्गीय हुने भए भै संस्कृतिको रूप पनि वर्गीय हुन्छ।

संस्कृतिको इतिहास ज्यादै लामो छ। संस्कृतिको इतिहास उत्पादनमा सम्बन्धको विकासको इतिहास हो। मानव जातिको सिंगो इतिहास आदिम साम्यवादी समाजबाट दासमालिक समाज र सामन्तवादी समाज हुँदै पुँजीवादी समाज र वैज्ञानिक समाजवादी समाजतर्फ विकसित हुँदै आएको छ।र यी सबै समाजका आ- आफ्नै प्रकारका संस्कृति हुन्छन्। संस्कृतिको विकास सम्बन्धित समाजमा विद्यमान उत्पादक शक्ति र उत्पादन सम्बन्ध तथा आधार र उपरिसंरचना बीचको अन्तर्विरोध र विभिन्न वर्गहरूको संघर्षका बीचबाट हुन्छ।दासमालिक तथा सामन्तवादी समाजमा जनविरोधी तथा जनवादी संस्कृतिकाबीच र पुँजीवादी समाजमा पुँजीवादी तथा वैज्ञानिक समाजवादी संस्कृतिककाबीच संघर्ष चल्दछ। ठिक त्यसैगरी नै समाजवादी समाजमा पनि प्रतिक्रियावादी संस्कृति र वैज्ञानिक समाजवादी संस्कृतिका बीच चल्नेछ गर्दछ। मानव जातिको इतिहासमा प्रतिक्रियावादी संस्कृतिको ध्वंसका बीचबाट जनवादी संस्कृतिको निर्माण हुदै आएको छ र निरन्तर जारी रहनेछ। यो प्रक्रियालाई पुरानाको ध्वंस रानयाँको निर्माणका प्रक्रिया पनि भनिन्छ। तर यो प्रक्रियामा मार्क्सवाद ध्वंसवादको विरोधी र भौतिकवादी द्वन्द्ववादको पक्षपाती रहेको छ। यस विषयमा लेनिनले भन्नुभएको छ, "मार्क्सवादले क्रान्तिकारी सर्वहारा वर्गको विचारधारात्मक रूपमा आफ्नो विश्व ऐतिहासिक महत्त्व कुन कारणले हासिल गर्यो भने पुँजीवादी युगका सबैभन्दा मूल्यवान उपलब्धिहरूलाई कदापि परित्याग गरेन। यसको उल्टो त्यसले त्यो सबैलाई आत्मसात गर्यो र नयाँ रूपमा ढाल्यो, जुन मानवचिन्तन तथा संस्कृतिका दुई हजार भन्दा बढी वर्षहरूको विकासमा मूल्यवान थियो।" (लेनिन, संकलित रचनाएं, चार खण्डो मे, खण्ड चार, पृष्ठ २७१, प्रगति प्रकाशन मस्को, १९८८) संस्कृति सम्बन्धि लेनिनका यी माथिका भनाइहरू अत्यन्तै मननीय रहेका छन्।

साम्राज्यवादको विकाससंगै पुँजीवादी समाजमा संस्कृतिलाई दुई भागमा विभाजित गरिएको छ : (१) अभिजात वर्गीय संस्कृति र (२) लोकप्रिय संस्कृति।

**(१) अभिजात वर्गीय संस्कृतिः**

अधिजात वर्गीय संस्कृति भनेको उच्च वर्गीय संस्कृति हो। पुँजीपति वर्गले आफूलाई यसै उच्च वर्गको संस्कृतिको संवाहक बताउँदै आएको छ।

(२) लोकप्रिय संस्कृतिलाई निम्न वर्गीय व भीड संस्कृति बताउने गरेको छ।

पुँजीवादले संस्कृतिलाई उद्योगको रूपमा लिएको छ। पुँजीवादी समाजमा साहित्य, नाटक, कला, गीत - संगीत, सिनेमा सहित समग्र संस्कृतिलाई माल बनाई त्यसको बजारीकरण गरिएको छ । पुँजीवादी संस्कृति उपभोक्तावादी संस्कृति हो। यसले निराशा, कुण्ठा, अश्लीलता, हिंसा, विकृति, व्यविचार, जासुसी, धर्म, रहस्य जस्ता कुरालाई प्रोत्साहित गर्दछ। पुँजीवादी संस्कृतिले जनतालाई वैज्ञानिक दृष्टिकोण, वर्गचेतना र क्रान्तिबाट विमुख बनाइने षड्यन्त्रमा आधारित रहेको छ। उपभोक्तावादी संस्कृतिले मानिसलाई सन्निहित उच्च सांस्कृतिक मूल्य, आदर्श, अभिरुचि तथा रचनात्मक उर्जालाई ध्वस्त तुल्याउछ र उसलाई एक निरीह उपभोक्ता प्राणीमा बदलिदिन्छ। यसका साथै आज उत्तर आधुनिकतावादीहरूले एकातिर अब यी दुई उच्च र निम्न संस्कृतिका बीचको भेद समाप्त भयो भन्ने कुरा बताइरहेका छन् भने अर्कोतिर राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्कृति बीचम पनि कुनै भिन्नता छैन भनेर ठूलो भ्रम पैदा गरिरहेका छन्। यसको वास्तविक अर्थ साम्राज्यवादी संस्कृतिलाई श्रेष्ठ बनाउँदै उत्पीडित राष्ट्रहरू र विश्व जनसमुदायलाई सांस्कृतिक साम्राज्यवादका सामु आत्मसमर्पण गराउन खोज्नु बाहेक अरु केही होइनन्। विश्व सर्वहारा वर्ग, श्रमजीवी वर्ग, प्रगतिशील जनसमुदाय यी सबै कुराप्रति सचेत तथा सतर्क रहन जरुरी छ।

संस्कृतिको क्षेत्र विचारधारात्मक क्षेत्र अन्तर्गत पर्दछ। त्यस कारण यो क्षेत्रलाई क्रान्तिकारी कम्युनिस्ट तथा सर्वहारा वर्गले दुई अर्थमा ग्रहण गर्नुपर्ने हुन्छ;

(१) **पहिलो** : विचारधारात्मक संघर्ष, क्रान्ति वा परिवर्तनको प्रकृति राजनीतिक संघर्ष, परिवर्तन वा क्रान्तिको प्रकृतिको तुलनामा दीर्घकालीन हुने गर्दछ। त्यसैले विचारधारात्मक संघर्ष क्रान्ति अघि र पछि पनि निरन्तर चलाउँदै जानुपर्ने हुन्छ।

(२) **दोस्रो** : क्रान्ति र प्रतिक्रान्ति दुबैका लागि विचारधारात्मक क्षेत्रको विशेष महत्त्व हुन्छ। यसै सन्दर्भमा चीनमा कमरेड माओ त्सेतुङले सन १९६६ देखि १९७६ सम्म महान् चिनियाँ सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नुभएको थियो।

महान् सर्वहारा सांस्कृतिक क्रान्तिको समयमा कमरेड माओले भन्नुभएको थियो, "राजनीतिक सत्ता प्राप्त गर्नका लागि सबैभन्दा पहिले जनमत तयार पार्न र विचारधारात्मक क्षेत्रमा काम गर्न जरुरी छ। यो कुरा क्रान्तिकारी वर्गका साथ साथै प्रतिक्रान्तिका लागि पनि सत्य हो।" यो कुरा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र व्यवहार मै प्रमाणित भइसकेको छ।

महान् चिनिया सर्वहारा सांस्कृतिक क्रान्तिको एक दस्तावेजमा अगाडि भनिएको छ, "यद्यपि पुँजीपति वर्ग सत्ताबाट फ्याकिइसकेको छ तापनि शोषक वर्गले अझै आफ्ना पुराना विचार, संस्कृति, रीतिरिवाज, चालचलन र आदतहरूको प्रयोग गरी जनतालाई भ्रमित गर्ने, उनीहरूको मन मस्तिष्कलाई नियन्त्रण गर्ने र सत्तालाई हत्याई पुरानै अवस्थामा फर्काउने अनेकौं प्रयत्न गरिरहेको छ। त्यसैले सर्वहारा वर्गले ठिक उल्टो त्यसको दृढतापूर्वक प्रतिवाद गर्नु पर्दछ र साथै सर्वहारा वर्गको नयाँ विचार, संस्कृति, नयाँ चालचलन र आदतहरूको प्रयोग गरेर सिंगो समाजको मानसिक दृष्टिकोण बदल्नु पर्दछ। (The Documents of the Proletarean Cultural Revolution in China, In Three Volume,-Antararashtriya Prakaashan 2008)

महान् चिनिया सर्वहारा सांस्कृतिक क्रान्तिको समयमा प्रस्तुत यी माथिका विचारहरू विचारधारा र संस्कृतिका क्षेत्रमा विद्यमान शोषक वर्ग र शोषित वर्ग तथा क्रान्ति र प्रतिक्रान्तिका बीचको भीषण संघर्षलाई संश्लेषित रूपमा बुझ्न निकै महत्वपूर्ण रहेका छन्। यसबाट क्रान्तिकारी कम्युनिस्टहरू र विश्व सर्वहारा वर्गले के कुरा बुझ्न जरुरी छ भने सांस्कृतिक रूपान्तरणको प्रक्रिया सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको प्रक्रिया हो र यो निकै जटिल र कष्टसाध्य हुने गर्दछ। तर पनि क्रान्तिकारी कम्युनिस्टहरू यो प्रक्रियामा निरन्तर संलग्न भइरहनु पर्दछ।

नेपालमा लामो समयदेखि अर्ध सामन्ती र अर्ध नवउपनिवेशिक अवस्थामा रहिआएको छ र दलाल तथा नोकरशाही पुँजीवाद तथा सामन्तवाद एवं साम्राज्यवाद तथा विस्तारवादको दोहोरो उत्पीडनको शिकार बन्दै आएको छ।

नेपालमा एकातिर विभिन्न प्रकारका प्राकृतिक धर्म,कबयलातन्त्री तथा सामन्ती मूल्य, मान्यताको अस्तित्व रहिआएको छ भने अर्कोतिर ब्राह्मणवाद एवम् हिन्दु धर्मको प्रभुत्व कायम रहेको छ। साथै यहाँ साम्राज्यवादी तथा विस्तारवादी वैचारिक प्रदूषण पनि पुरै देशभरि फैलिएको छ।

यसका अतिरिक्त नेपालमा सर्वहारावादी संस्कृतिको पनि प्रवेश र विकास हुँदै आएको छ। त्यसैले वर्तमान नेपालमा जनविरोधी अराष्ट्रिय अवैज्ञानिक र जनवादी राष्ट्रिय तथा वैज्ञानिक संस्कृतिका बीच लामो समयदेखि भीषण संघर्ष चल्दै आएको छ। यो संघर्षलाई अनेकौं जनआन्दोलन, वर्गसंघर्ष र सशस्त्र संघर्ष र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा सञ्चालित महान् दस वर्षे जनयुद्धको प्रक्रियामा उल्लेखनीय उर्जा प्राप्त भएको थियो।

तर महान् दस वर्षे सशस्त्र जनयुद्धमाथि प्रमुख नेतृत्वबाट प्रतिक्रान्तिका श्रृङखलाहरू अगाडि बढाइएपछि माओवादी आन्दोलन नै विसर्जन हुन पुगेपछि नयाँ जनवादी तथा वैज्ञानिक समाजवादी संस्कृतिमा भीषण प्रतिक्रान्ति हुनु स्वाभाविक छ। अब नयाँ जनवादी संस्कृतिलाई विकसित तुल्याउनका लागि नेपालका क्रान्तिकारी कम्युनिस्टहरूले मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा वैचारिक, भावनात्मक तथा सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई प्रभावकारी ढंगले अगाडि बढाउन जरुरी छ। साँस्कृतिक रूपान्तरणका लागि अग्रगति प्रदान गर्न प्रचारात्मक र क्रियात्मक दुबै क्षेत्रमाथि ध्यान दिन आवश्यक हुन्छ।

साँचो कुरा के हो भने हरेक समाजमा नयाँ विचार र मूल्यहरू सामाजिक क्रान्तिको बीचबाट विकसित हुन्छन्। मार्क्सवादी विचारधाराले जनवाद, देशभक्ति र राष्ट्रिय मुक्तिको संस्कृतिलाई स्वीकार्दै अन्ततः सर्वहारा अन्तर्राष्ट्रियतावाद र वैज्ञानिक साम्यवादको पक्षपोषण गर्दछ। तसर्थ यी सबैको पूर्ति नयाँ जनवादी क्रान्तिको प्रक्रियाबाट वैज्ञानिक समाजवाद हुँदै वैज्ञानिक साम्यवादमा गएर नै हुन्छ।

# रंगभेदी फासिष्ट सत्ता विरूद्ध दक्षिण अफ्रिकी जनताको संघर्ष र वर्तमान अवस्था



● अपत्य शर्मा ●

दक्षिण अफ्रिका पत्ता लगाउने पोर्चुगिज अन्वेषण बार्टोलोम्पु डियाज हुन्। उनले १४८८ मा अफ्रिकाको दक्षिणी कुना पत्ता लगाएका थिए। उनले त्यस ठाउँलाई केप अफ गुड होप भनेर नामाकरण गरे। अर्का पोर्चुगिज अन्वेषक भास्को डिगामा यही बाटो भएर भारत पुगेका थिए। यसैले द.अफ्रिकालाई यूरोप र एसिया जोड्ने मुख्य व्यापारी बाटो स्थापित गर्‍यो। यूरोपियन डाकुहरू द. अफ्रिका प्रवेश नै द. अफ्रिकी जनताको क्रुर शोषण, उत्पीडन, दमन र दासताको कहर बन्यो। यी नरभक्षी राक्षसहरूको आगमन भन्दा पहिले अफ्रिकी जनजातिहरू खोइ सानमा बस्दथे। द. अफ्रिका अफ्रिकी महादेशको सबैभन्दा दक्षिणी भागमा अवस्थित छ। यसको क्षेत्रफल १२ लाख १९ हजार ६ सय दुई वर्ग किलोमिटर छ। द. अफ्रिकाको जनसंख्या ६,५४५३०८४ छ। यसको भौगोलिक बनोट कस्तो छ भने देशको मुख्य भागमा भित्री पठार छ। यसलाई भल्डस भनिन्छ। त्यस पठारलाई घेर्दै तटीय मैदानहरू र अग्ला पहाडहरू रहेका छन्। द. अफ्रिकाको जलवायु विविध छ। पूर्वी तटीय क्षेत्रमा उप-उष्ण कटिबन्ध हावापानी पाइन्छ, तर भित्री क्षेत्रमा अर्ध-सुक्खा जलवायु छ। द. अफ्रिकाका नदीहरूमा ओरेन्ज नदी र लिम्पोयो नदी पर्छन्। जहाँसम्म समुद्रसँगको सम्बन्ध छ कि छैन भन्नेमा यो देश समुद्री तटमा दक्षिण र पूर्वमा हिन्द महासागर र पश्चिममा आन्ध्र महासागर अटलान्टिक महासागर पर्छन्।

द. अफ्रिका खनिज पदार्थहरूको ठूलो भण्डार भएको देश हो, जहाँ ५० प्रकारका खानीहरू उत्खनन गरिन्छन्। जसमा सुन, हीरा ल्याटिनम, रोडियम, प्यालेडियम आदि खनिज छन्। सुन र हीरा विश्व प्रसिद्ध छन्। यो खनिजहरूको करिव ८० प्रतिशत भन्दा बढी बुसभिल्ड कम्प्लेक्समा रहेका छन् र कोइरा द. अफ्रिकाको उर्जाको स्रोत हो। कोइला मपूमालंगा र लिम्पोयो प्रान्तहरूमा पाइन्छ। (स्टाटिस्टिक साउथ अफ्रिका )

रंगभेद अन्त्य भएपछि सरकारले अश्वेत नागरिकहरूको आर्थिक सहभागिता बढाउन (ब्लाइक इकोनोमिक इम्पावरमेन्ट) नीति लागु गरियो। त्यस नीति लागु गरे पनि वास्तविक रूपमा अपवादलाई छाडेर सम्पूर्ण बहुमूल्य खनिज पदार्थहरू श्वेत रंगभेदीहरूकै अधीनमा छन्। अर्को शब्दमा भन्दा अश्वेत मजदुर तथा गरिब किसानहरू गोराहरूकै पुँजीवादी दासतामा बाँधिएर शोषित, पीडित र दमित छन्। अपवादमा डा. प्याट्रिस मोत्सेपे चाहिं द. अफ्रिकाका सफल अश्वेत खानी व्यवसायी छन्। जसले अफ्रिकन रेन्बो मिनरल्सको स्थापना गरे र प्लाटिन, कोइला तथा फलाम खानीमा आफ्नो स्वामित्व स्थापित गरेका छन्।

यूरोपेलीहरूले द. अफ्रिकालाई पहिले व्यापारिक मार्गको रुममा प्रयोग गरे। तर पछि त्यहाँको अथाह प्राकृतिक स्रोत हीरा र सुनमा कब्जा गरी शासन शुरु गरे। यसको मुख्य कारण डच र बेलायतीहरूको बीचको उपनिवेश र स्थानीय नागरिक माथिको दमन थियो। डचहरू १६५२ मा आए। १७ औं शताब्दीको प्रारम्भमा यूरोपेली देशहरू (बेलायत र नेदरल्याण्ड) भारत र एसियासँग व्यापार गर्न समुद्री बाटो प्रयोग गर्थे। त्यसबेला जहाजहरूलाई लामो यात्रा गर्दा खाने कुरा भण्डारण गर्न ठाउँको आवश्यकता थियो। त्यसैले १६५२ मा डच इस्ट इण्डिया कम्पनीले डच नागरिक जान भान रिबेकको नेतृत्वमा केप अफ गुड होपमा एउटा सानो बस्ती बसाए। त्यहाँ डच व्यापारीहरू खेती गर्न थाले र आफैलाई बुअर्स अर्थात् किसान भन्न थाले। उनीहरूले स्थानीय खोइ खोइ र सान जस्ता आदिवासी जनजातिहरूलाई आफ्नो भूमिबाट लखेटे र उनीहरूको जमीन कब्जा गरे। डच र अन्य यूरोपेली, जर्मन र फ्रेन्च आप्रवासीहरू मिलेर एउटा नयाँ गोरा समुदाय बनाए, जसलाई अफ्रिकानेर्स भनिन्छ (क्याम्ब्रिज युनिभरसिटी) त्यसपछि १८ औं शताब्दीको अन्त्य र १९ औं शताब्दीको सुरुतिर बेलायतले समुद्री मार्गमा आफ्नो नियन्त्रण जमाउन नेदरल्याण्डसलाई हराएर केप कोलोनी कब्जा गर्‍यो। यसपछि यूरोपेली बस्ती झन तीव्र रूपमा फैलियो (द. अफ्रिकामा यूरोपेली शासनको कायापलट १८६७ मा किम्बरले हीरा र १८८६ मा विटवाटर स्ट्रान्डमा सुनको विशाल खानी भेटियो। यो खबर फैलिए पछि विश्वभरका यूरोपेलीहरू धन कमाउने आशमा द. अफ्रिकामा ओइरिए। यसले द. अफ्रिकालाई रातारात धनी बनायो। तर यसको लाभ स्थानीय अश्वेत जातिलाई भएन।

खानीहरूको विशाल सम्पत्तिमाथि अधिकार जमाउन दुई यूरोपेली मुलुक बेलायत र डच मूलका बुअर्स आपसमा लडे यो लडाइँमा बेलायत विजयी भयो। बेलायतले बुअर्स आपसमा लडे। बेलायतले बुअर्स राज्यहरू ट्रान्सभाल र ओरेन्ज फ्रि स्टेट कब्जा गरे। तर पछि अश्वेत जनसंख्यामाथि नियन्त्रण गर्न बुअर्सहरूसँग सम्झौता गरे। १९१० मा बेलायतले युनियन अफ साउथ अफ्रिका गठन गर्‍यो र शासनको अधिकार गोराहरूलाई मात्र दिइयो। सन् १९४८ मा अफ्रिकानेर (डचमूलका) पार्टीले सत्ता समालेपछि (अपार्थइट) रंगभेद नीति लागु गर्‍यो। त्यस नीति अनुसार अश्वेत जातिहरूलाई सहरको मुख्य भागमा बस्न प्रतिबन्ध लगाइयो र ज्यादै न्यून सुविधा भएका बान्टस्टान वा टाउनसिवहरूमा लखेटिए। यतिमा मात्र सीमित नभएर उद्योग, खानी र नागरिकताबाट वञ्चित गर्नु अश्वेतहरूलाई दैनिक ज्यादै न्यून ज्याला र तलबमा काममा लगाएर चरम शोषण उत्पीडन गरे। यी असभ्य बर्बर क्रुर जातिवादी गोराहरूले सम्पूर्ण द. अफ्रिकाको धन सम्पत्तिमाथि कब्जा जमाएर वर्षौंसम्म शासन गरे।

दक्षिण अफ्रिकामा गोराहरूको *बाँकी ८ पृष्ठमा*

## क्रान्तिकारी...

आधुनिक वस्तु उत्पादन गर्ने उद्योगहरूको विकाश हुन शुरुवात भयो र सामन्ती व्यवस्था खण्डित हुन गयो । सन् १९६४ (वि. सं. २०२१) मा भूमि सुधार कार्यक्रम लागु भएपछि त्यसको परिणामस्वरूप अर्ध-सामन्ती राज्यको रूपमा रूपान्तरण हुन गयो ।

२. दोस्रो विश्वयुद्ध पछि ब्रिटिशले भारत छोडेर जाने क्रममा सन् १९४७ (वि. सं. २००४) नोभेम्बर ७ मा पहिले ब्रिटिश र भारतले आपसमा गोर्खा सैनिकहरूको बाँडफाँड गरे भने त्यसको दुईदिन पछि ९ नोभेम्बरमा नेपाललाई समेत सामेलगरी गोर्खा भर्ति सम्बन्धमा त्रिपक्षीय सम्झौता गरे । एक्काइसौं शताब्दीमा आइपुग्दा पनि नेपाल औपचारिक सम्झौता मार्फत् आफ्ना नागरिकहरूलाई विदेशी भाडाका सेनाका रूपमा बिक्रिगर्ने राज्यको रूपमा रहेको छ । गोर्खा सेनाका नामबाट परिचित नेपाली नागरिकहरू नेपालका मित्र देशहरू र त्यहाँका देशभक्ति र क्रान्तिकारी आन्दोलनहरू माथि दमन गर्न प्रयोग भएका छन् । यसप्रकारको सम्झौता कायम रहेसम्म नेपाल वास्तविक रूपमा स्वाधीन र असंलग्न राज्यका रूपमा रहन सक्दैन भन्ने जगजाहेर छ ।

सन् १९४७ मा ब्रिटिशले भारत छोडेर गएपछि ब्रिटिश साम्राज्यवादको स्थान भारतीय विस्तारवादले लियो र अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक शोषण र दमन कायमै रहेको छ । भारतले स्वतन्त्रता प्राप्त गरेपछि सन् १९५० (वि. सं. २००७) मा नेपाल र भारतका बीचमा शान्ति तथा मैत्री सन्धि सम्पन्न भयो र उक्त सन्धिका प्रावधानहरू मार्फत् भारतले नेपालमाथि राजनीतिक हस्तक्षेप बढायो भने परराष्ट्र मामिलामा भारतको अधिनस्थता कायम हुन पुग्यो भने आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै क्षेत्रमा हस्तक्षेप बढायो र ब्रिटिश साम्राज्यवादको विरासतलाई निरन्तरता दियो । सन् २०१६ (वि. सं. २०७२) मा विगतमा गरिएका उक्त सन्धि लगायतका सन्धि-सम्झौताहरूको पुनरावलोकनका लागि द्विपक्षीय सहमतिमा गठन भएको विशिष्ट व्यक्तिहरूको समूह (ईपीजी) द्वारा सर्वसहमतिमा तयार पारिएको प्रतिवेदन बुझ्न भारत तयार भएको छैन । त्यसैगरी सन् १९६० (वि. सं. २०१७) मा नेपाल र भारत बीच सम्पन्न भएको व्यापार तथा पारवाहन सम्बन्धी सन्धिले नेपालले भूपरिवेष्ठित देशको हैसियतमा समुद्रपार व्यापार गर्न पाउने अधिकारमा अवरोध सिर्जना गर्‍यो । त्यसपछि सन् १९६५ (वि. सं. २०२१) मा सुरक्षा मामिला सम्बन्धमा नेपाल र भारत बीचमा भएको गोप्य सम्झौताले हतियार तथा सैन्य प्रविधिका बारेमा नेपाललाई पूर्णरूपमा भारत माथि भरपर्नु पर्ने बनायो । सन् १९५४ (वि. सं. २०११) मा कोशी, सन् १९५९ (वि. सं. २०१६) मा गण्डक, सन् १९९६ (वि. सं. २०५२) मा एकीकृत महाकाली, सन् २००८ (वि.सं. २०६४) मा माथिल्लो कर्णाली र सन् २०१४ (वि. सं. २०७१) मा अरुण सम्पन्न भएको थियो । उपरोक्त सन्धि, सम्झौताहरू बाट नेपालको जलश्रोत र जलविद्युत क्षेत्रमा भारतको प्रभुत्व कायम भएको छ ।

३. सन् १९८४-८५ (वि. सं. २०४१-४२) देखि नै पंचायती शासन कालमा नवउदारवादी संरचनात्मक समायोजन कार्यक्रम मार्फत् विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले अगाडी सारेको संरचनात्मक समायोजन कार्यक्रमलाई अवलम्बन गरेर देशका सार्वजनिक उद्योगहरूलाई निजीकरण गरियो र नेपालको अर्थतन्त्रलाई दलाल पुँजीवादको अधिनस्थ बनाइयो । यस परिघटना पछि नै नेपाल नवउपनिवेशिक अवस्था तर्फ अगाडी बढेको हो । नेपालले नवउदारवादी अर्थनीति अवलम्बन गरेपछि नेपाली बजारमा बेरोकटोक विदेशी माल भित्रिन थाले र नेपाली मालले विदेशी मालसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपाली उद्योगहरू ध्वस्त हुन गए । त्यसको परिणामस्वरूप स्वाधीन अर्थतन्त्रको विकासमा अवरोध सिर्जना भएको छ र व्यापक बेरोजगारी कायम रहेको छ । किनभने अहिले सम्म नेपालको आर्थिक नीति तथा बजेट निर्माण नै विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ), एशियाली विकाश बैंक (एडीबी) जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र सहयोग दाता देशहरूको निर्देशन र स्वार्थ अनुसार हुने गरेको छ । देशको आर्थिक-सामाजिक अवस्था नवउपनिवेशिक रहँदासम्म देशको अर्थतन्त्र, स्वाधीनता, जनतन्त्र, जनजीविकाको सुनिश्चितता र सुरक्षा हुंदैन । देशको स्वाधीनतालाई अक्षुण्ण राख्न सकेको अवस्थामा स्वाधीन अर्थतन्त्र निर्माण गर्न सकिन्छ ।

सन् १९६२ (वि. सं. २०१९) देखि पन्चायती शासनकालमा नै भारतले नेपाली भूमि कालापानीमा सैनिक शिविर स्थापना गरेर अतिक्रमण गर्दै आएको थियो । सन् २०१४ (वि. सं २०७१) मा भारतले नेपालसँग सरोकार नराखिकनै नेपाली भू-भाग लुपुलेकलाई चीनसँगको द्विपक्षीय व्यापारिक नाका बनाउने सहमति गरेको छ पछिल्लो चरणमा भारत र चीन दुवैले उक्त सहमतिलाई कार्यान्वयन गर्ने भएका छन् । सन् २०१९ (वि. सं. २०७६) मा भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतको नेपाली भू-भागलाई गाभेर आफ्नो नक्सा प्रकाशित गरेको छ । त्यस लगत्तै सन् २०२० (वि. सं २०७७) मा नेपालले उक्त क्षेत्र सहितको नक्सा सङ्घीय संसदबाट पारित गरेर नेपालको संविधानमा अङ्कित गरेको भएता पनि संयुक्त राष्ट्र सङ्घ र अन्तर्राष्टिय जगतमा सम्प्रेषण गर्ने काम गरेको छैन । सन् २०२२ (वि. सं. २०७८) मा सङ्घीय संसदद्वारा कथित १२ बूँदे व्याख्यात्मक टिप्पणी पारित गरेर अमेरिकी हिन्द-प्रशान्त रणनीति सँग सम्बन्धित मिलेनियम च्यालेन्ज कर्पोरेशनलाई अनुमोदन गरिएको छ, जसलेगर्दा नेपालको "असंलग्न" परराष्ट्र नीतिमा नकारात्मक असर परेको छ । एमसीसी प्रकरण नेपाल माथिको नवउपनिवेशिक दमन र नियन्त्रणको पछिल्लो कडीको रूपमा रहेको छ ।

४. अमेरिकाले आफ्नो सैन्य कार्यक्रमसँग सम्बन्धित स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी) लाई पारित गर्न दवाब दिइरहेको छ । नेपाली सेनामा अमेरिकी साम्राज्यवादको प्रभाव कायम रहेको छ । नेपाली सेनाको नेतृत्वले अमेरिकाको निर्देशनमा काम गरेकोछ भने नेपाली सेनाको भारतीय सेनासँग भाईचारा सम्बन्ध रहेको छ । सन् २०१५ (वि. सं. २०७२) अक्टोबर २७ मा नेपाल सरकारले अधिकार प्रदान गरे अनुसार नेपाली सेनाका तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीले तत्कालीन अमेरिकी राजदूत श्रीमती अलैना बी. टेप्लिजलाई पत्राचार गरेका थिए । उक्त पत्रमा "निकट भविष्यमा नेपालको लागि राष्ट्रिय गार्ड राज्य साझेदारी कार्यक्रम स्थापना गर्न औपचारिक रूपमा अनुरोध गर्नु हाम्रो लागि सम्मानको कुरा हो" भन्ने कुरा उल्लेख गर्दै "यो कार्यक्रमले सैन्य सीप र अनुभव आदानप्रदान गर्न, रक्षा ज्ञान साझा गर्न, साझेदारी क्षमता बढाउन र पारस्परिक सुरक्षा सहयोगलाई थप अगाडि बढाउन दीर्घकालीन, दिगो र पारस्परिक रूपमा लाभदायक सुरक्षा सम्बन्धलाई प्रवर्द्धन गर्न सक्छ भन्ने दृढ विश्वास छ । यो कार्यक्रमले विपद् तयारी र सङ्कट व्यवस्थापन, उड्डयन रसद, मर्मतसम्भार र सुरक्षा आदानप्रदान, महत्वपूर्ण पूर्वाधार र प्राकृतिक स्रोत संरक्षण, व्यावसायिकीकरण र अधिकृत/एनसीओ विकास लगायत पारस्परिक हितका क्षेत्रहरूमा सहयोग गर्न सक्छ भन्ने कुराको अपेक्षा गरिन्छ ।" भनेर उल्लेख गरिएको छ ।

अहिले आएर अमेरिकाले नेपालको मुस्ताङ जिल्लामा रहेको युरेनियम लगायत महत्वपूर्ण प्राकृतिक स्रोतहरू माथि कब्जा जमाउन खोजीरहेको छ र नेपालमा अमेरिकी सेनाको आवत-जावत लगातार बढिरहेको छ । यसरी अमेरिकी साम्राज्यवादी साथै भारतीय विस्तारवादको गोटीको रूपमा कामगर्ने सेनाको स्थानमा देशको स्वाधीनताको पक्षमा दृढतापूर्वक उभिने सेनाको गठन हुनु पर्दछ ।

५. सन् २०२५ सेप्टेम्बर ८-९ (वि. सं २०८२ भदौ २३-२४) मा भएको जेन-जेड "विद्रोह" पश्चात् अमेरिकी साम्राज्यवादको पहल र भारतीय विस्तारवादको सहमतिमा सुशीला कार्कीलाई नयाँ निर्वाचन गराउनका लागि संसद विघटन गरेर सन् २०२५ सेप्टेम्बर ११ (वि. सं. २०८२ भाद्र २६) मा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरियो । सन् २०२६ मार्च ५ ( वि. सं. २०८२ फागुन २१) मा सम्पन्न भएको सङ्घिय संसदको निर्वाचन मार्फत् नेपालको सत्ता अमेरिकी साम्राज्यवादले आफ्ना दलालहरूको हातमा पुर्‍याउन सफल भएको छ । एसपीपीका विरुद्ध देशभक्त शक्तिहरूले चलाएको आन्दोलनको दवाबका कारण नेपाली कङ्ग्रेसको नेतृत्वमा रहेको सरकारले एसपीपी अनुमोदन गर्न अस्वीकार गरेपछि अमेरिकाले आफ्ना भरपर्दा नयाँ दलाललाई सरकारमा ल्याउन जेन-जेड "विद्रोह" को मञ्चन गर्‍यो र परिणामस्वरूप राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सत्तामा स्थापित गर्न भूमिका खेल्यो । रास्वपा सरकार गठन भएपछि फ्रि-तिब्बत पक्षधरहरूको गतिविधि सन्चालन भैरहेको छ जस्ले गर्दा नेपालको एक चीन नीति प्रति नै शङ्का उत्पन्न भैरहेको छ । पुँजीवादी लोकतान्त्रिक व्यवस्थाले प्रदान गरेका सङ्गठन खोल्न पाउने अधिकारहरू माथि प्रतिबन्ध लगाउने काम गरेको छ र राज्यलाई फासीवाद तर्फ अगाडी बढाउँदै छ । त्यसका ज्वलन्त उदाहरणका रूपमा विद्यार्थी सङ्गठन र निजामति कर्मचारी ट्रेड यूनियन माथि प्रतिबन्ध लगाउनु त्यसपछि आदिवासी जनजाति र मजदूर सङगठनहरूलाई प्रतिबन्ध लगाउने चेतावनी दिनु र पूर्ववर्ती सरकार र विपक्षी पार्टीका नेताहरूलई आवश्यक वैधानिक प्रकृया समेत अवलम्बन नगरी पक्राउ गर्नु आदि रहेको छ ।

६. अहिले नेपालको आर्थिक-सामाजिक अवस्था आधारभूत रूपमा नवऔपनिवेशिक रहेको छ, यद्यपि अर्धसामन्ती र अर्धऔपनिवेशिक विशेषताहरू पनि कायमै रहेका छन् । नेपाल औपचारिक रूपममा स्वाधीन र सार्वभौम राज्यको रूपमा प्रस्तुत भएतापनि वास्तविकतामा त्यस्तो नभएको स्पष्ट नै रहेको छ । अहिले नेपालको स्वाधीनता र सार्वभौमिकताका लागि सबैभन्दा ठूलो खतरा अमेरिकी साम्राज्यवादका साथै भारतीय विस्तारवादबाट रहेको छ ।

अतः नेपाललाई अहिलेको नवऔपनिवेशिक अवस्थाबाट मुक्त गरेर सही अर्थमा एक स्वाधीन र सार्वभौम राज्यको रूपमा स्थापित गर्नका लागि विगतमा भएका सम्पूर्ण असमान सन्धि-सम्झौताहरूको खारेजी हुन अत्यावश्यक रहेको छ र तत्पश्चात् पारस्परिक सम्मान र समानताका आधारमा आवश्यकता अनुसार नयाँ सन्धि सम्झौताहरू गर्दै जानु पर्दछ । तर अहिले कै अवस्थामा उक्त कार्य सम्पन्न गर्न सम्भव हुँदैन किनभने जहानीया राणा शासनको समयदेखि निरङ्कुश राजतन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्र सम्मका सत्ताधारीहरूले आफ्नो स्वार्थ र सत्ता जोगाउनका लागि देशको स्वाधीनता र सार्वभौमिकतालाई सौदावाजीको विषय बनाएर साम्राज्यवादी र विस्तारवादी शक्तिहरू समक्ष आत्मसमर्पण गर्दै आएका छन् । त्यसकारण अहिलेको पुँजीवादी लोकतान्त्रिक गणतन्त्रको स्थानमा जनगणतन्त्रिक राज्य व्यवस्थाको स्थापना हुनु अत्यावश्यक छ । अतः नेपाललाई अहिलेको नवउपनिवेशिक अवस्था बाट मुक्त गरेर एक स्वाधीन राज्यको रूपमा स्थापित गर्नका लागि सम्पूर्ण देशभक्त, जनतान्त्रिक र अग्रगामी शक्तिहरूलाई एकजुट बनाएर साम्राज्यवाद र विस्तारवाद विरुद् संयुक्त मोर्चा निर्माण गर्नु पर्दछ ।

देशको स्वाधीनता तथा जनतन्त्रको रक्षा र जनजीविकाको सुनिश्चितता कायम गर्दै अहिलेको अवस्था बाट देशलाई मुक्त गर्नका लागि देशभक्त, जनतान्त्रिक र अग्रगामी शक्तिहरूको बीचमा राजनीतिक सम्मेलन गरेर संयुक्त मोर्चा निर्माण गर्ने र सङ्घर्षको बलमा अहिलेको सरकार विघटन गरी त्यसको विकल्पमा स्वाधीन संयुक्त सरकारको गठन गर्नेतर्फ पहलकदमी बढाउनु पर्दछ । त्यस्तो सरकारले सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेजीको घोषणा गर्नु पर्दछ र पारस्परिक सम्मान र समानताका आधारमा आवश्यक नयाँ सन्धि, सम्झौताहरू गरेर अगाडी जानु पर्दछ । यसरी देश नवउपनिवेशिक चङ्गुल बाट मुक्त बनेपछि मात्र स्वाधीन अर्थतन्त्रको विकाशको लागि मार्ग प्रशस्त हुन्छ र विद्यमान बेरोजगारीका समस्या समाधान हुन सक्दछ ।

७. साम्राज्यवादी शक्तिहरूले नेपालमा आफ्नो स्वार्थ पूर्ति तथा रक्षा गर्नका लागि विभिन्न नाम र प्रकारका गैर सरकारी सङ्गठनहरू (एनजीओ) का साथै नेपाली युवाहरूलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्नका लागि अमेरिकाले "युथ काउन्सिल" गठन गरेको छ भने चीनले "युथ पायोनियर" बनाएको छ । शक्ति राष्ट्रहरूले नेपाली युवाहरूलाई आफ्नो स्वार्थ सिद्धगर्ने उदेश्यले गठन गरिएका "युथ काउन्सिल" र "युथ पायोनियर" जस्ता सङ्गठनहरूमा नेपालका देशभक्त युवाहरू त्यसप्रकारको सङ्गठनमा संलग्न हुनु हुँदैन र सरकारले विदेशीहरूलाई त्यसता सङ्गठनहरू निर्माण गर्न दिनु हुँदैन । यसरी अमेरिका र चीनको बीचमा आपसी प्रतिस्पर्धा बढेर जाँदा नेपाल शक्ति राष्ट्रहरूको रणभूमी बन्ने खतरा बढेर गएको छ । पछिल्लो समयमा अनिवार्य प्रचलनमा ल्याइएका राष्ट्रिय परिचयपत्र र एम्बोस्ड नम्बर जस्ता कुराहरूपनि राष्ट्रघाति रहेका छन् किनभने ति मार्फत नागरिकका गोप्य सूचनाहरू सङ्कलन हुन्छन् ।

साम्राज्यवादद्वारा नेपालको स्वाधीनता र सार्वभौमिकताका विरुद्ध सन्चालन गरिने कार्यक्रम र गतिविधिहरूका विरुद्ध नेपाली जनताको विरोध र प्रतिरोध माथि नेपाल सरकार फासीवादी दमनमा उत्रने र यसरी देशको स्वाधीनता, जनजीविका र जनतन्त्र सबैमाथि खतरा बढेर जाने देखिएको छ । साम्राज्यवाद र विस्तारवाद द्वारा देशको स्वाधीनता माथि व्यापक खतरा पुगिरहेको अवस्थामा प्रधानमन्त्री बालेन्द्र शाहले सङ्घीय संसदमा नेपालले पनि भारतको भूमि धेरै ठाउँमा मिचेको भन्ने अभिव्यक्ति दिनु गम्भीर आपत्तिको विषय हो । अतः उक्त अभिव्यक्ति फिर्ता लिँदै माफि माग्नु पर्दछ । अहिले देशको स्वाधिनतासँग सम्बन्धित विषयहरूमा अमेरिकी साम्राज्यवादद्वारा लादिएको एमसीसी तथा एसपीपी सम्झौताहरू र भारतीय विस्तारवादद्वारा नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतमा गाभिएको साथै विभिन्न स्थानहरूमा सीमा अतिक्रमण गरिएको लगायतका मुद्दाहरूलाई सङ्घर्ष र आन्दोलनको विषय बनाउनु पर्दछ । हामीले साम्राज्यवाद विरोधी संयुक्त मोर्चा निर्माण गर्ने सम्बन्धमा तल उल्लेख गरिएका विषयहरू प्रस्तुत गरेका छौं । तर सम्बन्धित पक्षहरू सँगको छलफल पश्चात साझा सहमति कायम गरेर अन्तिम टुङ्गो लगाउनु पर्दछ ।

१. सम्पूर्ण असमान सन्धि, सम्झौताहरूको खारेजीको माग गर्ने ।

२. साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरोध गर्ने ।

३. कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र फिर्ताको माग गर्ने ।

४. भारत र चीन बीच गरिएको लिपुलेक सम्झौता खारेजीको माग गर्ने ।

५. मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) को खारेजी गर्ने ।

६. स्टेट पार्टनरशिप प्रोग्राम (एसएसपी) को बिरोध गर्ने ।

७. जेन-जेड "विद्रोह" लाई साम्राज्यवादी प्रायोजनमा भएको मान्ने ।

८. अहिलेको सरकारको कार्यशैली लाई फासीवादी मान्ने ।

९. अग्रगामी संविधान निर्माण गर्ने विषयमा सहमत हुने ।

## माइतीघरमा लघुवित्त पीडित र जनकपुरमा मिटरब्याज पीडितद्वारा आत्मदाहको प्रयास



काठमाडौं । माइतीघर मण्डलामा विगत १८ दिनदेखि जारी लघुवित्त पीडितहरूको प्रदर्शनका क्रममा एक पीडितद्वारा सरकारले आफूहरूको माग सुनुवाइ नगरेको भन्दै आत्मदाहको प्रयास गरेका छन् । उनलाई प्रहरीले उद्धार गरेको छ । सर्लाहीको चन्द्रनगर गाउँपालिका- ६ बस्ने करिव ४५-५० वर्षका नथुरी मुखियाले आफ्नो शरीरमा मट्टीतेल खन्याएर आत्मदाह प्रयास गरेका थिए । काठमाडौंका प्रहरी प्रवक्ता एसपी दानबहादुर थापाका अनुसार प्रहरीले तत्कालै उद्धार गरी उनलाई वीर अस्पताल पुर्‍याएको छ । उनले आँखा पोल्यो भनेको र सोही उपचारका लागि अस्पताल लगिएको एसपी थापाले बताए ।


आगोले शरीरको माथिल्लो भागमा सामान्य जलनजस्तो देखिएको, तर खतरामुक्त रहेको उनले बताए । साउन १० गतेदेखि लघुवित्त पीडितहरूले लघुवित्त खारेजीको माग गर्दै निरन्तर रूपमा आन्दोलन गर्दै आएका छन् ।

लघुबित्त तथा वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन राजधानी मार्च आज १९ औं दिनसम्म जारी छ । १९ औं दिनसम्म पनि सरकारले माइतीघरमा बसेको लघुवित्त पीडितलाई बेवास्था गर्दै मर्न बाध्य बनाएको छ ।

त्यसैगरी, एक मिटरब्याजपीडित महिलाले बुधबार जनकपुरमा आत्मदाह प्रयास गरेकी छन् । जनकपुर उपमहानगरपालिका ४ घर भएकी फुलकुमारी रजकले धनुषा जिल्ला अदालतको मुख्य सडकमा आत्मदाहको प्रयास गरेकी थिइन् । मिटरब्याज पीडितहरूले अदालत अगाडि नाराबाजी गर्दै विरोध प्रदर्शन गर्ने क्रममा उनले शरीरमा पेट्रोल खन्याएपछि प्रहरीले हस्तक्षेप गर्दै उद्धार गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं डीएसपी मधुसुधन न्यौपानेका अनुसार उनलाई प्रहरीले उद्धार गरी थप उपचारका लागि प्रादेशिक अस्पताल पठाएको जानकारी दिएका छन् । प्रहरीका अनुसार उनको अवस्था सामान्य छ ।

## क्रान्तिकारी महिला संगठन नेपालको टोल समिति गठन



काठमाण्डौ । क्रान्तिकारी महिला संगठन नेपाल धनगढी उपमहानगरपालिका वार्ड नं १३ को टोल समिति गठन भएको छ । कार्यक्रमको प्रमुख अतिथि केन्द्रीय सदस्य मिना कंडेल रहनु भएको थियो । विशेष अतिथि लालकिरण रहनु भएको थियो ।पार्टी अतिथि टंक कोइराला रहनु भएको थियो । समितिको संयोजक तारा वि.क.,सचिव कोशिला चौधरी ,सदस्यहरू प्रदेशी चौधरी,पूजा चौधरी ,फँगुनी चौधरी , पुष्पा चौधरी , ठगुनी चौधरी , शान्ति चौधरी रहनु भएको छ ।

# धर्मलाई राजनीतिक स्वार्थसिद्धिको साधन बनाउनु हुँदैन

## ❑ डिल्लीराम बोहोरा, १५ नम्बर व्यूरो सचिव तथा केन्द्रीय सदस्य- क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल



***साउन १० गते सुनसरीको देवान्गन्जको धार्मिक द्वन्द्व र त्यसपछि पूर्वी तराईमा फैलिएको द्वन्द्वलाई कसरी हेर्नु भएको छ ?***

सुनसरीको दक्षिण-पश्चिम भेगमा विगतमा पनि हिन्दु र मुस्लिम समुदायका बीच बेलाबखत धार्मिक विवाद र द्वन्द्व हुने गरेका थिए। मुस्लिमहरू असारमा मोरुम पर्व मनाउँदा रहेछन् । त्यस पर्व एक महिनासम्म नै विभिन्न कार्यक्रम गरी मनाउँदा रहेछन् । गत असारको मोरुम पर्वको बेला पनि सामान्य विवाद भएको रहेछ। हिन्दु समुदायले बोलवम यात्रा संचालन गर्दा विभिन्न खोला, नदी, कुवा, धाराबाट पानी लिएर मन्दिरहरूमा चढाउन लान्छन् । विशेषगरी श्रावण महिनामा बोलवम यात्रा गरी सोमबारका दिन मन्दिरमा पानी चढाउँदा रहेछन् । नाँच गान गर्दै जाँदा सुनसरीको देवान्गञ्जमा साउण्ड बक्स चर्को आवाजमा बजाएको भनी मुस्लिम समुदायका मानिसहरूले आवाज कम गर्न भन्दा त्यही विषयमा विवाद भयो र दुवै समुदायका मानिसहरूको त्यहाँ भीड जम्मा भयो र मुठभेड भयो। त्यो मुठभेड साम्य गर्न प्रहरीहरू आए ।

प्रहरीले हवाई फायर गऱ्यो । त्यही बेला विजुलीको लाइन गयो। १ जनाको घटनास्थलमा मृत्यु भयो। बाँकी २ जना अस्पतालमा मृत्यु भयो र झण्डै दर्जन जति घाइते भए। कसले चलाएको गोलीबाट मानिसहरू मृत्यु र घाइते भए भन्ने विवाद छ। प्रहरीले हवाई फायर मात्र गरेको भन्छ। सि.डि.ओ.ले गोली चलाउन आदेश दिएको स्वीकार गर्दैनन् । यो विवाद बढ्दै गएर विराटनगर, सिराहा, सप्तरी, धनुषा, विरगन्जसम्म नै तनाव बढ्यो। सरकारले ठाउँ ठाउँमा कर्फ्यु आदेश जारी गऱ्यो। यो धार्मिक झगडाको फाइदा उठाउन चाहने विभिन्न शक्ति केन्द्रहरू यसमा खेलेको हुनुपर्छ। अहिले यो धार्मिक विवाद सामान्यतया साम्य भएको छ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको तर्फबाट १५ नं. व्यूरो इन्चार्ज सिताराम बुढाथोकी र तपाई १५ नं. व्यूरो सचिवले देवानगन्जको स्थलगत अध्ययन पनि गर्नुभयो । त्यहाँ पुगेपछि स्थिति अध्ययन गर्दा के बुझ्नु भयो ?***

हामी साउन ११ गते घटनास्थलमा पुग्यौं। सर्वसाधारण जनता हामी मिलेरै बस्नुपर्छ भन्ने सोंचाई राखेको पायौं। तर कतिपय धार्मिक अभियन्ताहरूमा फरक धार्मिक समुदाय प्रति अलि बढी नै असहिष्णु चिन्तन भएको पायौं। कतिपय समाजमा अशान्ति मच्चाएर आफ्नो स्वार्थसिद्ध गर्न खोज्ने तत्वहरूले त्यस्तै अतिवादी सोंचाई राख्नेहरूलाई उछाल्ने काम गरेका छन् ।

घटना घटेपछि सेना परिचालन गरियो। सामान्यतया प्रहरीको काम जनताको रक्षा र सेनाको काम देश रक्षा गर्ने हो। त्यहाँ प्रहरी र सशस्त्र प्रहरीलाई निस्क्रिय पारेर सेनालाई सक्रिय बनाइयो। त्यसबाट प्रहरी र सशस्त्र प्रहरीको मनोबल कमजोर पारेको हामीले महशुस गऱ्यौं। गृहमन्त्री सुधन गुरुङ पनि घटनास्थल पुगे। उनले त्यहाँ गएर यो घटना घट्नमा स्थानीय जनप्रतिनिधि जिम्मेवार भएको भनेर आरोप समेत लगाए। देवानगन्ज गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष घरमा बस्न असुरक्षित ठानेर केही समयका लागि घर छाडेका थिए। केन्द्रमा मात्र भएर नहुँदोरहेछ , स्थानीय तहमा पनि रास्वपाको जनप्रतिनिधि हुनुपर्ने रहेछ भन्ने अभिव्यक्ति सुधन गुरुङले दिए। घटनालाई अनावश्यक राजनीतिक स्वार्थ पूरा गर्ने माध्यम राज्यपक्षबाटै भएको पाइयो। यस्तै अन्य कतिपय राजनीतिक दलका नेताहरूको गैरजिम्मेवार अभिव्यक्तिले पनि धार्मिक तनाव बढाउने काम गरेको थियो।

***यस्ता धार्मिक वा साम्प्रदायिक द्वन्द्वका समस्या समाधानका उपाय के हुन सक्छ ?***

धर्मलाई राजनीतिक स्वार्थ सिद्धिको साधन बनाउनु हुँदैन। त्यसका निम्ति सबै राजनीतिक दल, दलका नेता, कार्यकर्ता जिम्मेवार हुनुपर्छ। कसैले पनि धार्मिक तथा साम्प्रदायिक उत्तेजना फैलाउने अभिव्यक्ति दिने र उत्तेजना फैलाउने क्रियाकलाप गर्नु हुँदैन। धार्मिक उत्तेजना फैलाउने शक्तिहरूलाई पहिचान गरी राज्यले नियन्त्रण गर्नु पर्दछ। फरक फरक धार्मिक समुदायका बीचमा आपसी हेलमेल, हार्दिकतापूर्ण व्यवहार, सामाजिक सद्भावका कार्यहरूको विकास र विस्तार गर्नुपर्दछ। राज्यले सबै धर्मप्रति समान व्यवहार अपनाउनु पर्दछ। एकले अर्कोको धार्मिक आस्थालाई सम्मान गर्ने वातावरण बनाउनुपर्दछ ।

***नेपालले लिम्पियाधुरासम्म आफ्नो भूभाग दावी गरिरहेको बेला भारत र चीन मिलेर नेपाली भूभाग लिपुलेक नाकाबाट तिर्थाटन र व्यापार गर्न थालेका छन् । यो नेपालको राष्ट्रिय स्वाधीनता माथि हस्तक्षेप भएन ?***

सबै ऐतिहासिक प्रमाणहरूले कालापानी, लिपुलेक, लिम्पियाधुरा क्षेत्र नेपालकै हो भन्ने बुझिन्छ। लिम्पियाधुरासम्म नेपालको हो भन्ने कुरा चीनलाई थाहा नभएको होइन। भारतले त नेपालमा विस्तारवादी रवैया अपनाइरहेकै थियो। अहिले लिपुलेक नाका प्रयोग गर्न भारतसित सहमति गरेर चीनले पनि नेपालको राष्ट्रिय सार्वभौमिकता माथि आँच पुऱ्याउने कार्यमा लागेको देखियो। नेपाल भौगोलिक रु.पले सानो भए पनि सार्वभौम देश हो। भारत र चीनको यो हेपाहा कार्यालाई लगातार विरोध गर्दै जानुपर्छ। आम जनतालाई आफ्नो देशको भूमि र सीमाबारे सुसूचित गरिनुपर्दछ।

नेपाल मर्कामा परेको कुरालाई अन्तर्राष्ट्रिय फोरमहरूमा उठाउँदै जानुपर्दछ। नेपाली जनताले चलाएको राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई भारत र चीनका जनताको पनि सहयोग लिने कोशिश गर्नुपर्दछ। बालेन शाहले महानगरमा हुँदा कार्यालयमा ग्रेटर नेपालको तस्वीर राख्ने अहिले संसदमा "नेपालले पनि भारतको जग्गा मिचेको रहेछ।" भन्ने अभिव्यक्ति दिने कार्यले आम स्वाभिमानी नेपाली जनतालार्य आश्चर्यमा पारेको छ। शासकहरूको राष्ट्रघाती कार्यको देशभक्त नेपालीहरूले डटेर विरोध गर्नुपर्दछ।

***रास्वपाले नेतृत्व गरेको वर्तमान सरकारको कामलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?***

गत फागुन २१ को चुनाव भन्दा पहिले जनताले नयाँ पार्टीलाई जिताएपछि देशमा भ्रष्टाचारको अन्त्य होला कि, सुशासन आउला कि भन्ने सोंचेको थिए। तर रास्वपा सट्टामा आइसकेपछि जनताको सोंचाई भन्दा ठीक विपरित भइरहेको छ। उत्पीडनमा परेका जनतालाई झन उत्पीडनमा पार्ने काम भएको छ। सरकारले अव्यवस्थित वसोबासी र सुकुम्बासीहरूलाई बस्ती भत्काएर जुन लखेट्ने, विचल्ली पार्ने काम गरेको छ, त्यसका पछाडि जग्गा दलालहरू पोस्ने षडयन्त्र लुकेको छ। जो घरबारविहीन भएका छन्, वर्षौं वर्षसम्म तिनका परिवारका सदस्यहरूले स्वदेशमै मजदुरी गरेर, सानोतिनो जागिर गरेर वा विदेशमा मजदुरी गरेर थोरै धेरै कमाएका होलान् । घर जग्गा विहिन भएकाहरूले अहिलेसम्मको कमाई प्रयोग गरेर कतै न कतै सुरक्षित वासस्थानका लागि घर जग्गा किन्नु पर्ने हुन्छ। त्यस स्थितिमा घरबारविहीन भएकाहरू तिनै जग्गा दलाल वा जमीन स्वामित्वमा लिएरबसेका व्यक्तिहरूकोमा जानुपर्ने बाध्यता सिर्जना गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीमा जग्गा दलाल र मेनपावर संचालकहरूको ठूलै नेटवर्क छ। तिनै दलालहरूलाई पोस्नका लागि अव्यवस्थित बसोबासी र सुकुम्वासीहरूलाई घरवारविहीन बनाइएको हो भन्ने परिणामले देखाउँछ। ग्याँसको हाहाकार भइरहेको छ। कालाबजारी असाध्य बढेको छ। सरकार कालाबजारी नियन्त्रण गर्न असफल भएको छ।

उत्पादनमा वृद्धि गर्नेतिर सरकारको ध्यान छैन। तर करवृद्धि अचाक्ली गरिएको छ। देशलाई विदेशी ऋणभार बढाउने काम भइरहेको छ। यो सरकारको साना किसान र साना उद्यमी तिर कुनै ध्यान छैन। जस्तै २ करोडसम्म लगानी गर्नेहरूलाई सरकारले अनुदान दिने घोषणा गरेको छ। २ करोडसम्म सामान्य मान्छेले कसरी लगानी गर्न सक्छ ? सरकारका गतिविधि हेर्दा यो सरकार निम्न वर्ग विरोधी हो भन्ने छर्लङ्गै देखिएको छ। निजी संचारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारको निर्णयलाई सर्वोच्चले खारेज गरिदियो ।विद्यार्थी संगठन र ट्रेड युनियन खारेजी गर्ने सरकारको निर्णयलाई सर्वोच्चले अहिले रोकेको छ। विदेशसितको कुटनैतिक सम्बन्धका मामलामा पनि यो सरकार असफल नै भएको देखियो।

***नेपालको कम्युनिस्ट आन्दोलन संकटग्रस्त बन्दै गएको छ । यसबारेमा तपाई के कस्तो सोंचाई राख्नुहुन्छ ?***

अहिले संसदवादी कम्युनिस्ट पार्टीहरूको बीचमा एकता र ध्रुवीकरणको छलफल भएको देखिन्छ। तर उनीहरूको ध्रुवीकरणको उद्देश्य चुनावमा पराजयको पीडाबाट उन्मुक्ति पाउन र पुनः यही प्रतिक्रियावादी सरकारमा जानेसम्म छ। त्यहाँ कुनै क्रान्तिकारी उद्देश्य छैन। मेरो विचारमा कम्युनिस्ट आन्दोलनको बीचमा पुनर्गठन आवश्यक छ।

यदि रास्वपाको सरकार फासिवादको दिशामा जाँदै गर्दा संसदवादी कम्युनिस्ट पार्टीहरूसित मिलेर क्रान्तिकारीहरूले मोर्चाबन्दी गर्नुपर्ने स्थिति आउन सक्छ। तर दीर्घकालीनरूपले त्यस्तो एकता वा ध्रुवीकरण क्रान्तिकारीहरूका लागि प्रतिउत्पादक हुन सक्छ। जनताले संसदवादी र गैरसंसदवादीका बीचमा भिन्नता छुट्याउन नसक्ने अवस्था हुन सक्दछ। तर राष्ट्रिय स्वाधीनताको लागि केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न दल, संघसंस्था, स्वतन्त्र व्यक्ति-सबै छरिएर रहेका सबै देशभक्तहरूसित छलफल चलाउनुपर्दछ। सहकार्यको वातावरण बनाउनु पर्दछ।

***तपाई कसरी पार्टी आन्दोलनमा जोडिनु भयो ?***

म २०३६ सालमा भोजपुरको कुलुङमा जन्मिएको हुँ। कुलुङ पूर्व मालेको प्रभाव क्षेत्र थियो। सानै उमेरदेखि कम्युनिस्ट राम्रो भन्ने सुनियो। मोजाको भकुण्डो खेल्ने बेलादेखि नै अखिल राम्रो, नेविसंघ नराम्रो, कम्युनिस्ट राम्रो पञ्च, कांग्रेस नराम्रो भन्ने गाउँ समाजमा सुनियो। घरयासी वातावरण पनि त्यस्तै थियो। अनि कम्युनिस्ट कै प्रभावमा परेर संगठनमा लागियो। वीरेन्द्र माविमा सुरुमा अनेरास्ववियु (पाँचौं) मा सदस्यता लिइयो र संगठित भइयो। २०५२ सालमा वीरेन्द्र माविमा अध्ययन गर्ने बेला अनेरास्ववियु (पाँचौं) को भोजपुर जिल्ला समिति सदस्य भएँ। २०५३ सालमा नै मैले नेकपा (एमाले) को पार्टी सदस्यता प्राप्त गरेको थिएँ।

***विद्यार्थी संगठनमा काम गर्दाको अनुभव के छ ?***

भोजपुरबाट एस.एल.सी. उत्तीर्ण पछि २०५४ सालमा काठमाडौं आएर महेन्द्र रत्न ताहाचलमा आइएडमा भर्ना भएँ। काठमाडौं म श्रावणमा आएँ। २०५४ को अन्त्यतिर एमाले विभाजित भएर नेकपा (मा.ले) गठन भयो। म मा.ले तिर लागें। म मा.ले. को विद्यार्थी संगठनमा काम गरें। २०५७ र २०५९ मा ताहाचल क्याम्पसमा स्व.वि.यु.मा क्रमशः कोषाध्यक्ष र उपाध्यक्ष उम्मेदवार भएँ। २०५८ मा वामदेव एमालेमा फर्किएपछि सी.पी. मैनालीको नेतृत्वमा मा.ले. पुनगर्ठन भयो र म त्यस पार्टी सम्बद्ध अनेरास्ववियुको सचिवालय सदस्य रही काम गरेको थिएँ।

***सी.पी. मैनाली नेतृत्वको नेकपा (मा.ले) छाडेर ऋषि कट्टेलको नेतृत्वमा नेकपा (मा.ले) निर्माण गर्दै नेकपा (एकीकृत) निर्माण को प्रक्रियासम्मको अनुभव पनि सुनाउनुस् ।***

सी.पी. मैनाली जीमा राजतन्त्र प्रति मोह भएको देखिने र पार्टीलाई चलायमान नबनाउने, झन झन जड मानसिकताले गाँजिदै गएको हो कि भन्ने देखिएपछि ऋषित कट्टेलको नेतृत्वमा २०६३ सालमा अर्को ने.क.पा. मा.ले. गठन गरियो। ऋषि कट्टेलले नेतृत्व गरेको नेकपा (मा.ले.), रामसिंह श्रीसले नेतृत्व गरेको नेकपा (एकताकेन्द्र-मसाल) र सीताराम तामाङले नेतृत्व गरेको नेकपा (मा.ले.मा केन्द्र) को बीच एकता गरी नेकपा (एकीकृत) गठन भएको हो।

***ऋषि कट्टेल र रामसिंह श्रीसका बीचमा कसरी विभाजन भयो ?***

त्यो विभाजन दुःखद हो। कुनै पनि सैद्धान्तिक कारणले त्यो विभाजन भएको थिएन। २०६९ मा त्यो विभाजन भएको थियो। पार्टीमा (तत्कालीन एकीकृतमा) बुटवल भेलाबाट पार्टी प्रमुखका रूपमा सचिव सीताराम तामाङलाई बनाइएको थियो। पार्टीमा विभिन्न समस्या देखिएकाले समस्या हल गर्न कमल चौधरीलाई संयोजक बनाई पोखरामा राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरिएको थियो। कमल चौधरीलाई संयोजक बनाउँदा सँगै भए पनि त्यसपछि ऋषि कट्टेल, टंक राई, के.पी. फुँयाल लगायत बहिर्गमित भई, अर्कै पार्टी बनाएँ। पहिलो कुरा विभाजनका लागि सैद्धान्तिक विवाद थिएन, दोस्रो कुरा नयाँ पार्टीतिर लाग्दा पटकपटक पार्टी फेरिरहे जस्तो देखिने भएकाले म नेकपा (एकीकृत) मै रहे। नेताहरूको कार्यशैली प्रतिको असहमति र विवादले पार्टी फुट्यो। २०७२ मा नेकपा (माओवादी र नेकपा (एकीकृत) बीच पार्टी एकता भई नेकपा (क्रान्तिकारी माओवादी ) गठन भयो।

***१५ नं. व्यूरोमा पार्टीको आगामी कार्यक्रम के छ ?***

संकटग्रस्त अवस्थामा रहेको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई पुनः उठाउन र अगाडि बढाउन हामी प्रयत्नरत छौं। हाम्रा कार्यक्रम सुगममा मात्र छन्। दुर्गम ठाउँमा पनि पार्टी संगठनका कार्यक्रम लैजाने हाम्रो सोंचाई छ।

***अन्त्यमा केही छ कि ?***

प्रतिक्रियावादीहरूले वर्गीय आन्दोलनलाई खतम पार्न अनेक षडयन्त्र गरिरहेका छन्। कांग्रेस, एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका पार्टीहरूले सिर्जना गरेको कुशासन, भ्रष्टाचार, विथितिका विरुद्धमा उभिंदै गएका जनताहरू सच्चा कम्युनिस्ट पार्टीको लाइनमा उभिन नजाउन् भनेर रास्वपा जस्तो पार्टीलाई साम्राज्यवादीहरूले अगाडि ल्याएका छन्। रास्वपा पनि बदनामित भयो, जनताबाट अस्वीकृत हुने अवस्था आयो भने त्यो जनमत क्रान्तिकारीहरू तर्फ नजावोस् भनेर साम्राज्यवादीहरूले हर्क साङपाङ लगायतका पात्रहरू तयार पारिरहेका छन्।

भारतमा कक्रोच पार्टीको उदय पनि जनताको असन्तोषको फाइदा कम्युनिस्टहरूले नउठाउन् भनेरै साम्राज्यवादीहरूको डिजाइनमा आएको हो भन्ने लाग्छ। जेजति नयाँ- नयाँ पार्टी आउँदैछन्। तर कम्युनिस्ट समाप्त पार्ने योजना अन्तर्गत आएका छन्। वर्गसंघर्षको विकासमा लाग्नु बाहेक कम्युनिस्टहरूका निम्ति उत्तम बाटो अर्को छैन।

## बालेन...

कति निष्पक्ष हुन्छ ? राजनीतिक दल र आर्थिक स्वार्थ समूहबीचको सम्बन्ध कस्तो हुन्छ ?

यी प्रश्न नछोईरहँदा भ्रष्टाचार नियन्त्रणको कुरा अधुरो हुन्छ ।त्यसैले साँच्चै भ्रष्टाचारविरुद्ध नयाँ अध्याय सुरु गर्ने हो भने प्रणालीलाई पारदर्शी बनाउने दिशामा बढी जोड दिनुपर्छ। भ्रष्टाचारको एउटा ठूलो स्रोतअपारदर्शिता हो ।जति धेरै निर्णय बन्द कोठामा हुन्छन्, त्यति धेरै बिचौलियाको भूमिका बढ्छ। जति धेरै सरकारी सूचना नागरिकको पहुँचबाट टाढा हुन्छ, त्यति धेरै शंका बढ्छ। त्यसैले सूचना सार्वजनिक गर्ने, निर्णयको कारण बताउने, सरकारी खरिद पारदर्शी बनाउने, राजनीतिक तथा प्रशासनिक निर्णयको अभिलेख राख्ने र नागरिकलाई प्रश्न गर्ने अधिकार बलियो बनाउने काम भ्रष्टाचारविरोधी अभियानका आधार बन्नुपर्छ ।

अहिले नेपालमा सरकारको सफलता धेरैपटक सडक, पुल, भवन र आयोजना निर्माणबाट मापन गरिन्छ ।निश्चय नै विकास निर्माण आवश्यक छ ।तर परिवर्तनको अर्थ त्यतिमा मात्र सीमित छैन। एउटा गरिब परिवारको बच्चाले गुणस्तरीय शिक्षा पाउनु परिवर्तन हो। बिरामीले पैसा नभए पनि गुणस्तरीय स्वास्थ्य सेवा पाउनु परिवर्तन हो। युवाले विदेश जानैपर्ने बाध्यताबाट मुक्त भएर देशमै सम्मानजनक रोजगारी पाउनु परिवर्तन हो। किसानले उत्पादनको उचित मूल्य पाउनु परिवर्तन हो। महिलाले सुरक्षित र सम्मानजनक जीवन पाउनु परिवर्तन हो ।दलित, जनजाति, मधेसी, पिछडिएको वर्ग र सीमान्तकृत समुदायले राज्यमा समान अधिकार र अवसर पाउनु परिवर्तन हो। सरकारी कार्यालयमा सामान्य नागरिकले चिनजान वा घुसबिना आफ्नो काम गराउन सक्नु परिवर्तन हो ।न्याय पाउन वर्षौं अदालत धाउन नपर्नु परिवर्तन हो।

अबजनतालेभाषणभन्दापरिणाम खोज्नेछन्। रिपोर्टभन्दा परिवर्तन खोज्नेछन् ।घोषणाभन्दा रोजगारी खोज्नेछन् ।आश्वासनभन्दा सेवा खोज्नेछन् र सबैभन्दा ठूलो कुरा–व्यक्ति होइन, प्रणाली बदलिएको प्रमाण खोज्नेछन्। तर बालेन सरकारले दलाल पुजीवादी संसदीय प्रणालीलाई नेपाली जनताले चाहेको राजनीतिक प्रणालीमा परिवर्तन गर्न सक्ने कुरै भएन । नेपाली नागरिकलाई लागेको छ कि बालेन सरकारको अगाडि आज एउटा ऐतिहासिक अवसर छ र उसले नेपालको राजनीतिमा एउटा नयाँ अध्याय सुरु गर्न सक्छ ।तर त्यो सोचाइ गलत हो । उसले जन अपेक्षा अनुसारको कुनै काम गर्न सक्दैन । यो अमेरिकी साम्राज्यवाद तथा भारतीय बिस्तारबादको दलाल कठपुतली सरकार हो । त्यसैले यस सरकारले आफ्नो मालिकको निर्देशनमा काम गर्नु पर्दछ ।फेरि यो सरकारलाई त्यति नै ठूलो जोखिम पनि छ ।किनभने यदि उसले पुरानो राज्यसत्ताको संरचना र संस्कृतिलाई जस्ताको तस्तै राखेर केवल नेतृत्वको अनुहार परिवर्तन गऱ्यो भने इतिहासले कठोर प्रश्न गर्नेछ–"परिवर्तन कहाँ भयो ? सिंहदरबारमा मानिस फेरिए कि राज्यसत्ताको चरित्र ?" यही प्रश्नबाट अब हाम्रो बहस प्रवेश गर्नुपर्छ। किनभने अन्ततः कुरा बालेनको होइन। कुरा नेपाललाई कस्तो राज्य बनाउने भन्ने हो।

बालेन सरकार नीति निर्णय र कानुनी प्रक्रियातर्फ तुलनात्मक रूपमा राम्रो प्रगति भएको जस्तो देखिए पनि नागरिकले प्रत्यक्ष अनुभव गर्ने सेवा प्रवाह र राहत प्राप्त गर्न सकेको छैनन् । पुरानो पार्टी हटेर नयाँ पार्टी आयो भन्दैमा पुरानो राज्यसत्ता स्वतः नयाँ हुँदैन। पुरानो कुर्सीमा नयाँ मान्छे बस्दैमा कुर्सीको चरित्र बदलिँदैन । नेपालको आजको मूल संकट के हो ?उत्पादन कमजोर छ, आयात ठूलो छ, युवाशक्ति विदेशतिर छ र स्वदेशमा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन ।सरकारले उद्योगी-व्यवसायीसँग संवाद गरिरहेको छ। तर हालैका विश्लेषणमा प्रधानमन्त्री र अर्थमन्त्रीको आर्थिक नीति समन्वय समेत प्रश्नको विषय बनेको देखिन्छ। प्रधानमन्त्रीले उद्योगीसँग छुट्टै छलफल गर्दा अर्थ मन्त्रालयका अधिकारी सहभागी नभएको घटनालाई समेत आर्थिक नीति सञ्चालनको समन्वयसम्बन्धी प्रश्नका रूपमा उठाइएको छ। यो सानो विषय जस्तो लाग्न सक्छ। तर अर्थतन्त्रमा नीति समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ। प्रधानमन्त्रीको एउटा दिशा ।अर्थमन्त्रीको अर्को दिशा ।नेपाल राष्ट्र बैंकको अर्को दिशा ।उद्योगीको अर्को माग ।कर्मचारीतन्त्रको अर्को प्राथमिकता ।यस्तो अवस्थामा अर्थतन्त्रले गति लिन कठिन हुन्छ।


युवालाई 'देशमै बस' भन्न सजिलो छ। तर देशमै बस्ने आधार , रोजगारी , उद्यमको अवसर , कृषिमा आधुनिकता , प्रविधिमा लगानी , सस्तो र गुणस्तरीय शिक्षा , अनुसन्धानको वातावरण , सम्मानजनक श्रमको मूल्य लगायतका कैयौं आवस्यकताका विषयहरूको ब्यवस्था छैन, जुन कुरा दशकौंदेखि विद्यमान दलाल संसदीय ब्यवस्थाबाट हुन नसकेपछि अब पनि यसबाट संभव छैन । नेपाल जस्तो भूराजनीतिक रूपमा संवेदनशील देशका लागि राष्ट्रिय स्वाधीनता, सन्तुलित परराष्ट्र नीति र राष्ट्रिय हितको रक्षा अत्यन्त महत्वपूर्ण हुन्छ। भारत र चीनबीच रहेको नेपालले कुनै एउटा शक्तिको छायामा होइन, आफ्नो राष्ट्रिय हितको आधारमा सम्बन्ध सञ्चालन गर्नुपर्छ।

ठूला देशसँग मित्रता आवश्यक छ। तर मित्रता र निर्भरता एउटै कुरा होइन । वैदेशिक सहायता आवश्यक हुन सक्छ। तर सहायता र राष्ट्रिय प्राथमिकता एउटै कुरा होइन ।लगानी आवश्यक छ ।तर लगानी र राष्ट्रिय हितबीच सन्तुलन आवश्यक हुन्छ। यो सरकार यही दलाल पुजीवादी संसदीय ब्यवस्था अन्तरगत बनेको विदेशी साम्राज्यवादको कठपुतली सरकार हो । नयाँ परिवर्तनको सरकार जस्तो देखाउन यसले जनताका लोकतान्त्रिक अधिकार कटौती गर्दै फाँसीबादको बाटो समात्ने गर्दै छ । त्यसैले यो सरकार पुरानै राज्यसत्ताको नयाँ अनुहार मात्र नभएर सबैभन्दा निकम्मा र तानाशाही सरकार हुने पनि सम्भावना छ । बालेन सरकार देश , जनता , राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको पक्षमा कामगर्न असफल भयो भने सरकार परिवर्तन गरेर मात्र हुँदैन ।त्यो बेला देशभक्त , जनतान्त्रिक , बामपंथी, जनवादी शक्ति ,समूह ,ब्यक्तित्व र बुद्धिजीवीहरूको राष्ट्रिय राजनीतिक सम्मेलनबाट संयुक्त मोर्चा गठन ,विद्यमान ब्यवस्थाको खारेजी र संयुक्त स्वाधीन सरकार निर्माण गरी अघि बढ्नु पर्दछ ।

*मिति : २०८३ श्रावण २३ गते*

# कवितामा वर्तमानबोध

## (चेतना भिलेज रिसोर्टको कविता साँझ – २७ असार २०८३)



● प्रा.डा. गोपीन्द्र पौडेल ●

हामी काठमाडौँ, पोखरा, तनहुँ र गोरखाबाट चितवनको चेतना मिलेज रिसोर्टका अतिथि बन्न गएकाहरू असह्य नभनौँ सहन सक्ने गर्मीबाट प्रभावित थियौँ । साँझको खाना खाइसकेपछिको समय हामी कतै आआफ्ना कोन्टीमा र कतै उखरमाउलो गर्मीका कारण भान्साका पङ्खाको सम्मुख भएर यत्रतत्र छिरलिएका थियौँ ।

कवि गौरी देवकोटालाई कविता सुनाउने हुटहुटीले भित्रबाहिर गराएको अनुमान सहजै लगाउन सकिन्यो । उहाँको सरकफरक देख्दा त्यस्तो अनुमान लगाउन त्यति हम्मे परेन । म भने कवि हुन नसक्नुको पीडाबोधमा छटपटाएको थिएँ । तर मनको एक कुनामा कविता सुन्ने चाहना भने तीव्र थियो । आफू कवि हुन नसके पनि म कविको मनोविज्ञानसँग भने परिचित छु । खासमा म सुत्ने तरखरमा थिएँ । आफ्नो अड्वाङ्गे बानीका कारण अघिल्लो रात जागराम बसेको थिएँ । हो, म सुत्न आतुर थिएँ तर मनको एक कुनामा कविताको भोक पनि छँदै थियो । झन्डै वर्षदिन भो कविता सुन्न नपाएको । साथीहरू लसलसी भान्साहलमा प्रवेश गर्न थाल्नुभो । आखिरमा गौरीजीले साथीहरूलाई एक डल्लो पारिछाड्नु भो । इच्छा भएपछि के नै हुँदैन र ?

मार्क्सवादी समालोचना लेखन विषयक दिनभरको पट्यारलाग्दो कार्यक्रम एकै ठाउँमा थेचारिनुपर्ने, रुखो विषय, थोरै संवाद र जिज्ञासाले मन बहलाउन त पाइन्थ्यो तर एक रसताबाट हामी मुक्त थिएनौँ । आफ्नो रोजाइको कार्यक्रम हुनाले दुखमनाउ गर्नुपर्ने कुनै कारण थिएन हामी प्रसन्न नै थियौँ ।

फ्याकफुरुक गर्ने वेला गौरीजी मात्र देखिनु भए पनि कविता सुनाउने बेलामा त आठदशजना साथीहरू टुप्लुकिनुभो । म कवि होइन तर कविको मनोविज्ञानसँग नजिकको साइनो छ भन्दा पनि हुन्छ । म मनोवेत्ता पनि होइन तर कुन्नि कसो हिजोका दिनमा कृष्ण सेन इच्छुक, अमर गिरी, ईश्वरचन्द्र ज्ञवाली, पूर्णविराम, आहुति, मणि थापा आदिका कविता सुन्दै, पढ्दै र आकलझुकल लेख्दै गर्दा कविको मनोविज्ञानसँग हिमचिम बढ्दै गयो । यदि कविताले आफ्नो धर्म छोडेको छैन भने त्यस्तो कविताप्रति आशक्ति बढ्छ नै ।

कवि अनिल श्रेष्ठ फोटोग्राफरको भूमिकामा सरकफरक गर्दै कहिले ओल्लो कुना त कहिले पल्लो कुना गर्दै हुनुहुन्थ्यो । सबै कविलाई सस्वर आफ्नो मोबाइलमा कैद गर्न व्यस्त हुनुहुन्थ्यो ।

सबै कविलाई आफ्नो पालो कहिले आउला भन्ने उत्सुकताले उरालधुराल पारेको हुनुपर्छ, यो मेरो अनुमान हो । कवि साथीहरूको यो औत्सुक्य देखेर म पनि थोरै पुलकित नभइरहन सकिन, कविता कस्ता होलान् र तिनले वर्तमानलाई सम्बोधन गर्लान् कि नगर्ला भन्ने आशङ्का मभित्र नभएको होइन तर आगो खाएर अँगार गोब्र्याउने ल्याकत भएका कविहरूबाट त्यस्तो किन हुँदो हो भएन बरू, दमदार कविता वाणीले वातावणलाई नै स्तब्ध बनायो । हो, समसामयिकता, सामाजिकता, सम्वेदनशीनता, सुललितता, समाजबोध तथा सम्यक् विषय चयनका कारण कविता निकै प्रभावी बनेका रहेछन् ।

इच्छुक सांस्कृतिक प्रतिष्ठानले आयोजना गरेको 'द्वि दिवसीय मार्क्सवादी समालोचना लेखन' विषयक प्रवचनात्मक गोष्ठीमा हामी झन्डै दुई दर्जन स्रष्टा/समालोचकहरू सहभागी भएका थियौँ । हो, दिनभरको रुखो प्रवचन अनि त्यही प्रवचन श्रवणले थकित थकितजस्तै भएका हामीलाई कविता वाचन र श्रवण गर्न पाउनु फरक अनुभूति त हुँदै हो थप एउटा आनन्दी क्षण पनि हो । दिनभर सुनिबसेका कविलाई थोरैबेर भए पनि सुनाउन पाउनु रमाइलो अवसर थियो ।

कवि गौरी देवकोटा मोबाइलमा कैद गरिएको आफ्नो कविता औँलाको इशाराले स्क्रिनमा पसार्दै हुनुहुन्थ्यो । हामी सबै कविता सुन्न लालयित थियौँ तर म अलि बढी अनुरुक्त थिएँ । गौरी देवकोटा 'आँधीको उपहार' शीर्षकको कविता पस्कने सुरमा व्यस्त हुनुहुन्थ्यो । जब उहाँको वाणी फुट्यो, हामी सबैले आस्वादन गर्‍यौँ ।

गौरी देवकोटा 'आँधीको उपहार' लोभलाग्दो शीर्षकका साथ प्रस्तुत हुनुभो । यदि कविता विम्बमा व्यक्त गरिने कला हो भने (हो नै, हामी सबैले मानिआएका छौँ) त्यसको खाइलाग्दो दृष्टान्त बनेको छ देवकोटाको यो कविता । आँधी अकारण र अनायास आउँदैन, त्यसका पछाडि केही कारण हुनसक्छ । अर्थात्, वायुमण्डलमा प्रदूषण बढेपछि, वायुमण्डलीय चापमा उतारचढाव आएपछि तथा तापमानमा असन्तुलन भएपछि आँधी आउने कुरा निश्चित छ । जब आँधी आउँछ त्यसले भूतलमा रहेका कमजोर संरचना उडाउँछ र दुरदराजबाट कुँडाकर्कट ल्याएर घरआगनमा थुपारिदिन सक्छ । कवि देवकोटाका विचारमा यसपटकको आँधीले स्मार्ट नायकको पोस्टर ल्याएर हाम्रा आगनमा थुपारिदियो, त्यो थियो आँधीको उपहार र त्यो आँधी भनेको गत भदौ २३ र २४ गतेको विनासकारी ध्वंश वा बाह्य आवरणमा जेन्जी नामको विद्रोह थियो । बाह्य आवरणमा जेसुकै भए पनि अन्तर्यमा त्यो विनासकारी आँधी थियो । हुन त आँधी सधैँ विनासक मात्र हुँदैन । कहिलेकाहीँ आँधीले फोहरमैला, पातघुसान, कुँडाकर्कट उडाएर लैजान्छ, वातावरण शान्त र स्निग्ध हुन्छ । तर कवि देवकोटाका विचारमा यस पटकको आँधी मापाको थियो, ज्याद्रो थियो र अलच्छिना थियो जसले विध्वंसबाहेक केही पनि ल्याएन । हो, त्यो आँधी आततायी थियो, त्यो हाम्रै भूबनोट र वातावरणीय प्रभावको परिणति थिएन बरु आयातीत र नखरमाउलो आँधी थियो । त्यस आँधीका प्रति कवि गौरी देवकोटाको प्रतिक्रिया यस्तो छ :

*आँधीको उपहार*
*चलमलायो विस्तारै*
*बजाए वरिपरिकाले ताली*
*उठ्यो जुरुक्क र नचायो नजर*
*कसको हो यो झुप्रो ?*
*किन बाँचिरहेछस्*
*झुत्रो जिन्दगी*
*बगैचाका फूलहरू किन छैनन् एकनासे ?*

निश्चय नै कविता विम्बमा भनिने कला हो । र, जब विम्ब दुरुह, अशिष्ट तथा अप्रचलित, नभई शिष्ट, सरल र प्रचलित अनि आह्लादक बन्छ त्यतिबेला कवित्व शक्ति पनि सबल बन्छ, त्यसको दृष्टान्त हो प्रस्तुत कविता ।

हाम्रै घरआगनमा फ्याँकिएको आँधीको उपहार विस्तारै चलमलायो मात्र होइन, जुरुक्क उठेर झुत्रा वस्तीमाथि हुँकार गर्न थालेको आभास यस कविताबाट पाइन्छ । हो, झुत्रा वस्ती, झुत्रो जीवन, झुत्रो फेसन उसलाई पटक्कै सैह्य भएन । सायद उसलाई वितण्डा संस्कृति मनपर्ने भएर होला झुत्रा बस्तीहरू (सुकुमवासी वस्तीहरू) मा विध्वंश र विनास निम्त्यायो । यहाँ कवि देवकोटाको शिष्ट अनि शालीन प्रकृतिको आक्रोश छ । वस्तुतः यस्तो ध्वंशात्मक आँधी होइन, विनासकारी साम्राज्यलाई नै हायलकायल पार्नेगरी अर्को आँधीको सपना र जपना पनि कवि देवकोटामा देखिन्छ जुन भविष्यप्राप्तिको चेष्टा र भविष्य दृष्टिसमेत हो ।

दोस्रो रोलक्रममा कवि हिरामणि दुःखी आफ्नो मोबाइल मुसार्दै हुनुहुन्छ । त्यसो त सबै कविको मनोदशा उस्तै उस्तै छ, सायद प्रतीक्षाको घडी अलि लामो हुन्छ नै । कवि दुःखीले दायाँ हातले तालु मुसार्दै 'गाँजा' शीर्षकको कविता पस्कनथाल्नु भो । गाँजा यस कविताको 'म' पात्र । समकालको खाइलाग्दो र स्वादिलो पात्र । कस्तो मनचिन्ने प्रयुक्ति ? 'गाँजा' एउटा लागु पदार्थलाई मानवीकरण गरेर त्यसको शीलस्वभाव, आनीबानी, मरमिजासको हुबहु नालीबेली यहाँ पाउन सकिन्छ । जब गाँजा एउटा मान्छेभित्र सवार हुन्छ त्यतिवेला मान्छेको मौलिक पहिचान स्वतः अलप हुन्छ र मान्छे गँजडीमा रूपान्तरण हुन्छ, एउटा बेहोसी गँजडीमा । त्यही गँजडी अहिलेको नेपाली मौजाको मुखिया हो जसको मौन बर्बराहटले वातावरण नै असन्तुलित बन्छ भन्ने धारणा कविमा देखिन्छ । त्यतिमात्र होइन उसलाई दःुखी जनहरू कीटपतङ्गझैँ लाग्छ अनि त ऊ दुःखी जनका वस्ती चहार्न पुग्छ । यस्तो गँजडीलाई मौजाको मुखिया बनाइरहने हो भने त्यसले समाजव्यवस्था नै खलबल्याउन सक्ने सम्भावनाका बारेमा पनि कवि सचेत देखिनुहुछ । कवि दुःखीको प्रस्तोक्ति छ :

*छोड्यो भने गँजडीलाई*
*गँजडीकै सुरतालमा*
*समूहमा फेरिन्छ गँजडी*
*बन्छ समाज झन्झन् कुरूप*
*ढिला गर्न हुन किन्चित*
*गँजडीलाई*
*सुधारकेद्र लैजान ।*

हो, गँजडीलाई यत्तिकै छोडियो भने त्यसले सिङ्गो मौजा र मौजाको वातावरण नै दूषित बनाउने सम्भावनाको आकलन गर्दै कविले उसलाई सुधारकेद्रमा लानुपर्ने राय दिनुभएको छ । मान्छेको अस्तित्वसँग जिस्कने गँजडी मान्छेको नाममा कलङ्क भएको र मौजामा उसको अस्तित्व रहेसम्म मौजाको पहिचान नै समाप्त हुने सम्भावनालाई कविले नजिकैबाट नियालिरहनुभएको छ । समकालीन नेपाली मौजाको बदनाम मुखियाको सुन्दर दृष्टान्त यहाँ प्रस्तुत भएको छ । गाँजालाई विम्ब बनाएर सुन्दर दृष्टान्त यहाँ प्रस्तुत भएको छ । त्यसो त उपमेय गँजडीमा उपमान गाँजाको सम्बन्ध स्थापित गरे उपमा अलङ्कारको सुन्दर प्रयोगका साथै अन्तर्वस्तु र रूपको सन्तुलित विन्यास पनि यसमा पाउन सकिन्छ ।

कवि तेजविलास अधिकारी पालो पर्खेर वस्नुभएको छ । आजको साझँ नै कस्तो कस्तो, सबै कविलाई काउकुति लगाउने खालको रहेछ । पालो आएपछि किन ढिला गर्नु ? उहाँले आफ्नो 'एउटा निर्जीव आकृति' शीर्षकको कविता पस्कनुभयो । कवि अधिकारीले आफ्नो कविता वाचन गरिरहदाँ पनि समकालको अन्त्यन्त कठोर एवम् अत्यासलाग्दो नेपाली परिवेशको तस्बिर हाम्रा सामु नाच्न थाल्छ । कविता पनि सुन्दर त छ नै थप यसको तात्पर्ययुक्त शीर्षकले सुगन्धसमेत थपेको छ । आकृति निर्जीव हो, त्यसमा कुनै त्राण छैन तर कसैले उसमा त्राण भरिदिएर होला चलमलाउन थालेको छ, जगमगाउन थालेको छ । मानवबस्तीमाथि धावा बोल्न थालेको छ । कवि अधिकारीमा गम्भीर आशङ्का उत्पन्न भएको छ, कतै त्यो विनासक मानव यन्त्र त होइन जसले छाप्रेली बस्तीमा डढेलो सल्काउँदै छ, विचारशून्य, विवेकशून्य अनि सम्वेदना शून्य आकृतिका हर्कत देखेर मानवसभ्यता नै निसासिएको छ । कलमजीवीहरू र प्रबुद्ध बुद्धिजीवी एवम् प्राज्ञहरू चुपचाप दोहोरी साँझमा लम्कीझम्की गर्दैछन् । कविका विचारमा उजाड वस्ती अनि उदास मनहरू शङ्कटमा छन् जीवन उधार्ने यत्नस्वरूप बौरिन थालेका छन् । वस्तुतः कवि अधिकारी शङ्कटापन्न अवस्थाबाट उध्राउने चेष्टास्वरूप यसरी प्रस्तुत हुनुभएको छ :

*एउटा निर्जीव आकृति सामुने*
*लल्याकलुलुक छन्*
*उसकै लाचार छायाँजस्तै*
*सुन्दैन उनीहरूको कान*
*देख्दैन उनीहरूको चक्षु*
*मात्र हो माँसस्वरूप*
*नजिकै फैलिएको छ,*
*उजाडिएको वस्तीमा*
*चरम चित्कार*
*श्वेतआतङ्क अगाडि पनि*
*नानीहरू खोजिरहेछन् पुस्तक*
*खोजिरहेछन् कलम*

यहाँ कविका अनुभूतिहरू सामान्यीकृत बनेका छन् । अर्थात्, प्रस्तुत पद्यांशमा कविमन र भावकमनका बिचमा समधर्मीता देखिन्छ । हो, निर्जीव आकृति प्राणहीन र त्राणहीन भए पनि उसका सामु सबै लल्याकलुलुक छन् । यसको तात्पर्य हो निर्जीव आकृतिमा त्राण सन्चार गर्ने कुनै साम्राज्यवाद तथा विस्तारवादको प्रेतात्मा वा दुष्टात्मा हुन सक्छ । सायद त्यही प्रेतत्माले निर्जीव आकृतिलाई चलायमान बनाएको छ, त्यही कारण निर्जीव आकृति कङ्गाल वस्तीमा नग्न हर्कत गर्दैछ । एउटा निर्जीव आकृतिसामु उसका आसेपासे र अरौटेभरौटेहरू लाचार छन् उसकै छाँयाजस्तै । पक्कै पनि, तिनीहरूमा मानववस्तीले सुसेल्ने आर्तनाद सुन्नेसम्मको सम्वेदनशीलता देखिन्न उजाड एवम् खण्डहर वस्तीका भग्नावशेषभित्र साना नानीहरू पुस्तक र कलम मात्र होइन आफ्नो भविष्य खोजिरहेका छन् र मानवद्वेषी निर्जीव आकृतिसँग के कङ्गाल जनलाई नदीकिनारा वा सड्क किनारामा ओत लाग्ने ठाउँ मिल्दैन ? भनेर गम्भीर प्रश्न गरिरहेछन् । समग्र सम्वेदनाका बिचबाट तेजविलास अधिकारीको यस कविताले पनि वर्तमानका वितण्डाको समूल विस्थापन गरेर सुन्दर भविष्यको उपस्थापनको चेष्टा गरेको छ ।

कविता सुनाउने उत्सुकताले कवि कुमार दिङ्लालीलाई पनि कुत्कुत्याइरहेको अनुमान सहजै लगाउन सकिन्थ्यो । कविता सुनाउने र हामी सुन्नेहरू (धनेश्वर पोखरेल, वन्दना ढकाल र मलगायत) काकाकुल जस्तै भएका रहेछौँ । कविता सुन्न र सुनाउन नपाउनुको पीडा थियो त्यो । त्यसो त दिनभर फलामका चिउरा चपाएर (समालोचना लेखन विषयको छलफलमा नारिएर) हत्तुहैरान भएका हामीलाई कवितामृतको आस्वादन गर्न गराउन पाउनु भरपुर आनन्दी क्षण थियो ।

कवि कुमार दिङ्लालीको 'खोटो सिक्का चल्यो' शीर्षकको कविता पनि गत भदौ २३ र २४ गतेको जेन्जी विध्वंश र त्यसको परिणतिमा आधारित छ । अज्ञात् योजना, अज्ञात् कार्यक्रम र अज्ञात् गन्तव्यको भुलभुलैयामा परेर दर्जनौ किशोर तथा युवाहरूले ज्यान गुमाउनु पर्दाको पीडादायक एवम् अत्यासलाग्दो घटनाप्रति कवि निकै सम्वेद्य बनेका छन् । उक्त विध्वंश र त्यसपछिका दिनमा पनि एकपछि अर्को गर्दै घटित भएका विष्मयकारी घटनाले मुलुकको राजनीतिक एवम् सत्ता समीकरणमा तत्त्विक फेरबदल नआए पनि एउटा कारिन्दाका ठाउँमा अर्को कारिन्दा ल्याइएको ठहर कवि दिङ्लालीले गर्नुभएको छ । खासमा सत्तामा भएको त्यही फेरबदलपछिको सत्तासीन पात्रलाई कविले खोटो सिक्खाको सङ्ज्ञा दिएको पाइन्छ । मुलुकका सम्पदा जलाउनेहरू नै कालो पोतिएको अनुहार लिएर होहल्लाका भरमा सत्तासीन भए । साम्राज्यवादीको आशीर्वाद र इशारामा नहुनुपर्ने जति सबै भयो । अझ, हामी जे नहोस् भन्थ्यौँ त्यही भयो । अर्थात् कवि दिङ्लालीका विचारमा मुलुकका पुरातात्विक सम्पदालाई खरानी बनाउनेहरू नै सत्तामा विराजमान हुने उदेक लाग्दो स्थिति बन्यो । स्यालको ठाउँमा हुँडारहरूको आगमन भो । यसलाई सङ्केत गर्दै कविको कथन छ :

*जुन हातले सपना खोसियो*
*त्यही हातले आगो झोसियो*
*संसद जल्यो, सिंहदरबार जल्यो*
*देशको स्वाभिमान जल्यो*
*सर्वोच्च अदालत जल्यो*
*न्यायिक दस्तावेज जल्यो ।*
*राष्ट्रपति भवन जल्यो*
*राष्ट्रको शिर ढल्यो*
*जलेन भ्रष्टाचार, पूरा वस्तु जल्यो*
*धरोहर जल्यो, इतिहास जल्यो*
*एउटा कारिन्दा हटाइयो,*
*अर्को कारिन्दा राखियो ।*
*हाम्रै आँखाको सामुन्ने*
*एउटा पानामा इतिहासको*
*पोलिनु थियो उज्यालो*
*कालो पोतियो ।*

विध्वंशका खातिर मच्चाइएको बबन्डरका कारण मुलुकले ठुलो क्षति बेहोर्नुपरेको अवस्थाको चिरफार यसमा भएको छ । यसो भनौँ, होहल्लाको भरमा सत्तामा पुगेको खोटो सिक्कालाई हुल्लडवाजहरूले सक्कली सिक्काको सङ्ज्ञा दिए । होहल्लाको भरमा मुलुकबासीलाई नै दिग्भ्रमित बनाइयो । त्यही यथार्थपरक परिघटनालाई कवि दिङ्लालीले भविष्यबोधका साथ काव्यात्मक वाणी दिनुभएको छ ।

कवि मित्रलाल पङ्ज्ञानी पनि सुकुमबासी बस्तीहरू उजाडिएको अवस्थाप्रति अत्यन्त गम्भीर देखिनुभएको छ । सवाल यो हो कि कवि पङ्ज्ञानी पनि अहिलेको वितण्डा राजनीति र सत्ता संस्कृतिबाट असम्पृक्त नभई त्यसको केन्द्रमै रहेको बुझिन्छ । पङ्ज्ञानीको प्रस्तुत कविता तीन हरफमा संरचित छ । कविले खोला, खोल्सा तथा सडक किनारामा टेकिन र ओत लाग्नसमेत नपाउने मानवद्वेषी कानुनप्रति कटाक्ष गर्नुभएको छ । हामीले टेक्ने धर्तीसमेत खोसिएको छ । आफू जन्मीहुर्केको माटोमा पनि आफ्नो अधिकार हुन्न भने त्यस्ता मान्छेमारा, गरिबमारा कानुनजति फेर्नुपर्ने राय कविको देखिन्छ । अर्थात् गरिबमाराहरूसँग कविको प्रश्न छ :

*कल्ले रच्यो चन्द्रसूर्य कल्ले रच्यो तारा*
*कल्ले रच्यो पृथ्वि र हावापानी सारा*
*तिम्ले हैन, तिम्रा बाजे, बराजुले हैन*
*त्यसैकारण तिम्रो मात्र अधिकार छैन*
*सबैजना पृथ्वीमै बाँच्नपर्छ खेली*
*पोल्नुपर्छ मान्छेमारा कानुनका ठेली*

मान्छे बनेर जिउने मान्छेको नैसर्गिक अधिकार र चाहनामाथि बाँकी ७ पेजमा

---

❑ यो साता कविता

## सुकुम्बासी



❑ लीलाराज दाहाल


*हामी बर्षौंदेखिका भूमिहीन*
*कतैबाट पनि आड्भरोसा नपाएर नै*
*तपाईंको बङ्गला नजिक*
*अलिकति खाली जमिन भेटेर*
*नदीको छेउ*
*जङ्गलको छेउ*
*सडकको छेउ*
*आफ्नो पनि संसार उभ्याएका थियौं ।*

*तपाईंले देखिसक्नु भएन मालिक ?*
*तपाईंको नयाँ राजमा*
*हामीजस्ता तन्नम*
*सुकुम्बासीको खुसी*
*तपाईंले देख्नै सक्नुभएन ⁄*
*हाम्रो पनि शीर लुकाउने*
*सानो संसार नबनाई*
*अपर्झट*
*किन डोजर पठाउनुभयो हाम्रा झुप्राहरूमा ?*

*किन बिझाइरहन्छ तपाईंलाई*
*हाम्रो आत्मसम्मान ?*
*हाम्रो खुसी*
*हाम्रो स्वाभिमान !*
*हाम्रो कष्टसाध्य दैनिकीले*
*किन छुँदैन तपाईंको निरंकुश मनलाई ?*
*कि तपाईंको शहरमा हामी बस्नु हुँदैन ?*
*भन्नुस् !*
*भन्नुस् नवमहाराज !*
*किन नबोल्नु भएको ?*
*तपाईंको ठूलो महलको छेउछाउ*
*हामी बस्नु हुँदैन ?*

*बागमती ११, कमैंया, सर्लाही*

## मसान



❑ कुमार दिङ्लाली

*मसानहरू नाचिरहेछन्*
*मसान घाटमा*
*मसानकै शासन चलिरहेछ*
*मसान घाटमा*
*मसानहरू हाँसिरहेछन्,*
*खित्का छोडेर हाँसिरहेछन्*
*सँगसँगै हाँसिरहेछन्*
*चितामाथि सुतेका मूर्दाहरू*
*चितासँगै हाँसिरहेछन्*
*लाइनमा बसेका मूर्दाहरू*
*चितामा चढ्न आतुर मूर्दाहरू*
*मसानसँगै अट्टहास गरिरहेछन् मूर्दाहरू ।*

*अधमरो अधमरो बनेको छ मेरो देश*
*मसानघाट बनेको छ मेरो देश*
*मूर्दा बनिरहेका छन्*
*मेरै देशका मान्छेहरू*
*मृत्युदाताको पूजा गरिरहेछन्*
*मसानकै पूजा गरिरहेछन्*
*भइरहेकै छ मृत्युदाताहरूको पूजा*
*मृत्युदाताहरू पुजिने मन्दिरै-मन्दिरको सहरमा*
*जीवनको खोजी गर्नु पनि मसानका आँखामा*
*अपराध नै ठहरिने गरेको छ ।*

*दुनियाँ सन्त्रस्त बनेको वेला*
*चुक घोप्ट्याएको अँधेरी रातमा*
*कतिखेर टाउकोमा मुङ्ग्रो बजार्ने हो*
*कतिखेर मसानले चर्‍याप्प पार्ने हो ।*

*यो सबै जान्दाजान्दै पनि*
*मसानका विरुद्ध चलमलाइरहेका छन्*
*महान् मान्छेहरू आफ्ना आँखामा*
*आक्रोशको अग्निज्वाला दन्काइरहेछन्*
*आफूलाई नागरिक सिद्ध गर्न तम्सिरहेछन्*
*मसान लखेट्ने जिउँदा मान्छेहरू*
*मशाल उचालेर लम्किरहेछन् ।*

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !
www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

## क्रान्तिकारी...

वक्तव्यमा भनिएको छ, "जीवनको अन्तिम घडीसम्म अनवरत रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादमा विश्वस्त रही नयाँ जनवाद, वैज्ञानिक समाजवाद र साम्यवादको यात्रामा क्रियाशील क. दिपकबहादुर केसीको सपना पूरा गर्न पार्टी दृढ प्रतिबद्धता जाहेर गर्दछ र सम्पूर्ण पार्टी पङ्क्ति तथा परिवारजनहरूप्रति यो शोकलाई शक्तिमा बदल्न विशेष आह्वान गर्दछ।"

वक्तव्यमा भनिएको छ, "कमरेड दिपक केसी 'मानसिंहनेपाली सर्वहारा वर्गको अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सल्लाहकार समिति सदस्य दिपकबहादुर केसी कमरेड 'मानसिंह' को यही २०८३ श्रावण २४ गते साँझ ८ बजे प्यूठान जिल्ला अन्र्तगत प्यूठान नगरपालिका–१० स्थित आफ्नै निवास मरन्ठानामा कृतिशेष भएको खबरले सम्पूर्ण पार्टी पङ्क्ति र शोषित-उत्पीडित वर्गलाई मर्माहत बनाएको छ। हाम्रो पार्टी का। मानसिंप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै पाँच बहिनी छोरी, दुईभाइ छोरा र नाति तथा नातिनीहरू लगायत आफन्तजनहरूप्रति गहिरो समवेदना प्रकट गर्दछ।

वि।स। १९९८ श्रावण १८ गते माता गोवनकुमारी केसी र पिता डोरबहादुर केसीको कान्छो छोरा दिपकबहादुर केसीले २०२३ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गरेर २०२४ देखि २०३६ सम्म भूमिगत हुनुभएको थियो भने अस्थायी शिक्षक भइ लामो समय शिक्षण पेशामा लागेर मालेमावादको बीउ छर्दै पार्टी सङ्गठन निर्माण गर्नुभएको थियो। पार्टीको जिल्ला समिति सदस्य र जिल्ला सचिव हुँदै केन्द्रीय समिति सदस्यसम्म पनि हुनुभएको थियो। महान् जनयुद्धमा वि।स। २०५३-२०६३ सम्म कमरेड मानसिंह, उहाँको जीवन सङ्गिनी भवानी बस्नेत सहित पुरा परिवार भूमिगत भई पार्टीका विभिन्न जिम्मेवारीमा रही काम गर्नुभएको थियो। २०६४ मा उहाँ प्यूठान क्षेत्र नं। १ बाट संविधान सभा सदस्य पनि निर्वाचिन हुनुभएको थियो।

जीवनको अन्तिम घडीसम्म अनवरत रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादमा विश्वस्त रही नयाँ जनवाद, वैज्ञानिक समाजवाद र साम्यवादको यात्रामा क्रियाशील क। दिपकबहादुर केसीको सपना पूरा गर्न पार्टी दृढ प्रतिबद्धता जाहेर गर्दछ र सम्पूर्ण पार्टी पङ्क्ति तथा परिवारजनहरूप्रति यो शोकलाई शक्तिमा बदल्न विशेष आह्वान गर्दछ।

२५ श्रावण २०८३

*-सुदर्शन (प्रवक्ता)*

## साम्राज्यवादीविरोधी...

पारित गरेको दस्तावेजमा भनिएको छ , "अहिले नेपालको स्वाधीनता र सार्वभौमिकताका लागि सबैभन्दा ठूलो खतरा अमेरिकी साम्राज्यवादका साथै भारतीय विस्तारवादबाट रहेको छ।"

उक्त दस्तावेजमा भनिएको छ, "देशको स्वाधीनता तथा जनतन्त्रको रक्षा र जनजीविकाको सुनिश्चितता कायम गर्दै अहिलेको अवस्थाबाट देशलाई मुक्त गर्नका लागि देशभक्त, जनतान्त्रिक र अग्रगामी शक्तिहरूको बिचमा राजनीतिक सम्मेलन गरेर संयुक्त मोर्चा निर्माण गर्ने र संघर्षको बलमा अहिलेको सरकार विघटन गरी त्यसको विकल्पमा स्वाधीनत संयुक्त सरकारको घोषणा गर्नु पर्दछ। र, पारस्परिक सम्मान र समानताका आधारमा आवश्यक नयाँ सन्धि, सम्झौताहरू गरेर अगाीड जानु पर्दछ। यसरी देश नवउपनिवेशिक चङ्गुलबाट मुक्त बनेपछि मात्र स्वाधीन अर्थतन्त्रको विकासको लागि मार्ग प्रशस्त हुन्छ र विद्यमान बेरोजगारीका समस्या समाधान हुन सक्दछ।"

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पार्टीको पोलिटब्यूरो बैठकबाट साम्राज्यवादविरोधी मोर्चा निर्माणको नीतिगत पहलकदमी लिइसकेको छ भने अब यही अवधारणा अनुसार संसदमा र सडकमा भएका सबै पार्टीहरूसँग वृहत् मोर्चा निर्माणका लागि पहल लिन नेतृत्वदायी भूमिका खेलिरहेको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेकपा (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेकपाले विगत लामो समयदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दामा सहकार्य गर्दै आएका छन्। अब यो मोर्चालाई अझ वृहद् बनाउने विषयमा गृहकार्य भइरहेको पार्टी एचक्यू स्रोतले जानकारी दिएको छ।

## संयुक्त...

पार्टीका शीर्ष नेतृत्वसँग भेटघाट तथा अन्तरसंवाद गरेको छ। पार्टी कार्यालय कुपण्डोलमा सम्पन्न भेटघाट तथा अन्तरसंवाद कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी)का अध्यक्ष महेश श्रेष्ठले गर्नुभएको थियो भने संयुक्त विद्यार्थी संगठनको तर्फबाट वैज्ञानिक समाजवादी विध्यार्थी संगठनका अध्यक्ष ह्याल तामाङले भेटघाट तथा अन्तरसंवादको उद्देश्यसहित पार्टीको धारणा माग गर्नुभएको थियो।

कार्यक्रममा विद्यार्थी नेताहरूले राखेको विषयवस्तुमाथि पार्टी महासचिव सीपी गजुरेलको निर्देशनमा पार्टी प्रवक्ता हेमन्तप्रकाश ओली सुदर्शनले पार्टीको धारणा प्रस्तुत गर्नुभएको थियो। राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण, पार्टीको पछिल्लो राजनीतिक समितिको बैठकले पार्टी एकता र संयुक्त मोर्चा निर्माणका लागि तयार पारेका आधारहरू र गरेका निर्णयहरू प्रस्तुत गर्नुभएको थियो। पार्टीको धारणापछि विद्यार्थी नेताहरूले समान विचार र दृष्टिकोण राख्ने पार्टीहरूबिच एकता र संयुक्त मोर्चा निर्माणमा नेतृत्वदायी भूमिका खेलिदिन महासचिव सीपी गजुरेल गौरव लगायतका नेताहरूलाई आग्रह गरेका थिए। विध्यार्थी नेताहरूले राखेको जिज्ञासाहरूको जवाफ दिने क्रममा पार्टी प्रवक्ता हेमन्तप्रकाश ओली सुदर्शनले भन्नुभयो, "हामीले राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाका पक्षमा संयुक्त मोर्चाका निम्ति लचिलो नीति लिएका छौं। संसदबाहिर र संसदभित्रका पार्टीहरूसँग पनि संयुक्त मोर्चा निर्माणको लागि संवादको ढोका खोलिसकेका छौं। संयुक्त विध्यार्थी संगठनको यो भेटघाट र अन्रतसंवादले त्यसलाई महत्वपूर्ण सहयोग पुऱ्याउने छ।"

उहाँले पार्टी एकतासम्बन्धी पार्टीको धारणा स्पष्ट पार्दै भन्नुभयो, "मार्क्सवाद-लेनिनवाद- माओवाद/विचारधारा, सर्वहरा सांस्कृतिक क्रान्ति, जनवादी केन्द्रीयता, सर्वहरा अन्तर्राष्ट्रियतावाद, सर्वहरावर्गीय अधिनायकत्व र वर्तमान संसदीय व्यवस्थाका विरुद्ध क्रान्ति गर्न तयार हुने सबै पार्टीहरूसँग पार्टी एकता नै गर्न हाम्रो पार्टी तयार छ। विचार मिल्ने पार्टीहरूसँग एकता गर्ने र अन्य एजेण्डा मिल्नेहरूसँग संयुक्त मोर्चा निर्माण गरेर अगाडि बढ्ने विषयमा पार्टी स्पष्ट छ र त्यसका लागि हामीले संवादको ढोका खोलिसकेका छौं र पहल पनि गरिरहेका छौं।"

विद्यार्थी नेताहरूले नयाँ पुस्तामा कम्युनिस्ट आन्दोलनको प्रभाव र आकर्षण निकै कमजोर रहेको भन्दै बदलिदो परिस्थितिमा यसको महसुस क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेतृत्वहरूले महसुस गर्नुपर्ने र नयाँ नीति तथा कार्यक्रम लिएर अगाडि बढ्नुपर्ने सुझाब राखेका थिए।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्यहरू रामसिंह श्रीस, हरिभक्त कडेल, पोलिटब्यूरो सदस्यहरू दिनेश शर्मा, चिन्तमणि पौडेल, दिपक शाही, निरज केसीलगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो।

## सुकुम्बासीहरूको...

आवासविहीनहरूको लगत संकलन चाहिँ वागमती सभ्यतालाई अगाडि सारेर गर्ने। बालेन नेतृत्वको यो रास्वपा सरकारले सुकुम्बासीमाथि यो हदसम्मको असंवैधानिक, गैरकानुनी र घोर अमानवीय क्रूर र फासिवादी नीति लिएको कि उनीहरूले काठमाडौं उपत्यकाभित्रका सुकुम्बासीहरूलाई नागरिकको दर्जामा नै राखेनन्।

नेपाली जनसर्वसाधारणको जीन्दगीभरिको सपना र श्रम भनेको एउटा घर बनाउने हुन्छ। विगत २२ वर्षदेखि ५४ वर्षसम्मको श्रम, पसिना खर्चिएर बनाएका घरलाई २४ घण्टाको पनि सूचना नदिएर अत्यावश्यक दैनिक उपभोग्य सरसामानहरू समेत घरबाट निकाल्न नपाई डोजर लगाएर ध्वस्त पारिदिएपछि ती श्रमजीवीहरूको दैनिकी आज कसरी बितिरहेको होला ? के यो पीडाको अनुभूतिको गहिराइ यी सम्भ्रान्त अभिजातवर्गीय शासकहरूले छाम्न सक्छन् ? कदापि सक्दैनन्। के मर्ने कसैको रहर हुन्छ ? आत्महत्या कायरता हो तर आत्मदाह राज्यविरुद्धको एउटा सशक्त प्रतिरोध हो। सुकुम्बासीहरूले सामूहिक आत्मदाहको चेतावनी दिँदा पनि सरकार कानमा तेल हालेर बसिरहेको छ। जुन कुनै फण्डा, स्टन्ट र घटना घटाएर सुकुम्बासीमाथिको यो बर्बरतालाई ओझेलमा पार्न खोजेपनि यो मुद्दा यति संवेदनशील र गम्भीर छ कि शासकहरूले हजारौ सुकुम्बासी युवाहरूलाई शासकहरूका विरुद्ध बम र बन्दुक बोक्न बाध्य पार्दैछ। राज्यले गरेको हिंसाका विरुद्ध प्रतिहिंसा पुस्तान्तरण हुँदै जाने स्थिति देखिएको छ। सुकुम्बासीहरूको आत्मसम्मान र मानव अधिकारको राज्यले यसरी हुर्मत लियो कि अब 'लालपुर्जा' रूपी एउटा खोस्टोले उनीहरूको भौतिक र मानसिक स्वास्थ्यमाथिको आघात सजिलै मेटिने स्थितिमा छैन। शासकहरूको यो खेलाँची, उनीहरूलाई नै निकै महंगो पर्नेवाला छ।

## जेलबाट...

पोखरेलले निज तिर्थ नारायण यादवसँग घुस मागेको भिडियो सार्वजनिक भएपछि डिएसपी पोखरेलमाथि प्रहरी संगठनले कारबाही समेत गरेको थियो। उनलाई सोही मुद्दामा डिएसपीबाट घटुवा गरेर इन्स्पेक्टर बनाइएको थियो। तर उनका काका तत्कालीन नेकपा (माओवादी) केन्द्रका नेता गिरिराजमणि पोखरेलका कारण छाटो समयमै पुनः डिएसपीमा बढुवा भएर महोत्तरी जिल्लामा नै पुगेका पोखरेलले प्रतिशोधपूर्ण रूपमा षड्यन्त्र गरी तिर्थनारायण यादवलाई झुठा मुद्दामा पक्राउ गरी जेल पठाएका थिए। उनले त्यसअघि विभिन्न षड्यन्त्र गरी इन्काउन्टर समेत गराउने कोशिस गरेको दावी पनि यादवले गरे।

रिहा भएका तिर्थनारायण यादवले पुनः पार्टी आन्दोलनमा जोडिएर पार्टीले दिएको जिम्मेवारी बहन गर्ने प्रतिबद्धता जनाउनु भएको छ।

## बुर्जुवा...

जनताको नैतिक तथा सौन्दर्यात्मक भावना जगाएर निश्चित "सेवा" प्रदान गर्दछ। अपराधीले फौजदारी कानुनसम्बन्धी कार्यनिर्देशिका मात्रै होइन, दण्डसंहिता मात्रै होइन, साथै यस क्षेत्रका विधायकहरूको मात्रै होइन, अझ कला, ललित साहित्य, उपन्यासहरू, दुःखान्तक रचनाहरूको समेत सिर्जना गर्दछ। यसको उदाहरण म्युल्नेरको (दोष) र शिलेरको (डाँकाहरू) मात्रै होइन सोफोक्लिसको (इडिपस) र शेक्सपियरको (रिचर्ड तृतीय) पनि हुन्। अपराधी बुर्जुवा जीवनको नीरसता, प्रतिदिनको शान्त प्रवाह खलबल्याउँदछ। यस प्रकारले उसले त्यस जीवनलाई गतिरोधबाट बताउँदछ र त्यस्तो उत्तेजना र गतिशीलतालाई जन्म दिन्छ, जसविना प्रतियोगिताको प्रेरणा पनि कुण्ठित हुन्थ्यो होला। यसप्रकारले त्यसले उत्पादन शक्तिहरूलाई अगाडि बढाउँदछ। अपराधले एकातिर, श्रमबजारलाई अतिरिक्त जनसंख्याको कुनै हिस्साबाट मुक्त तुल्याउँदछ र यसप्रकारले मजदुरहरूका बीचको प्रतिस्पर्धालाई कुनै मात्रामा घटाउँदछ, वेतनलाई निश्चित न्यूनतम सीमाभन्दा तल झर्नबाट कुनै हदसम्म रोक्दछ भने अर्कोतिर, अपराधको विरुद्ध संघर्षले अतिरिक्त जनसंख्याको कुनै अर्को हिस्सालाई व्यस्त तुल्याएको हुन्छ। यस प्रकार अपराधी त्यस स्वाभाविक "प्रतिभाहरूको" रूपमा हाम्रो अगाडि आउँछ, जसले सही सन्तुलन कायम राख्दछ र "उपयोगी" पेशाहरूको पूरै श्रृंखलाको लागि ढोका खोल्दछ।

उत्पादनशक्तिहरूको विकासमा अपराधीले कस्तो प्रभाव पार्दछ भन्ने कुरा अति विस्तारपूर्वक वर्णन गर्न सकिन्छ। यदि चौरै नभैदिएको भए ताला आफ्नो वर्तमान परिष्कृत अवस्थामा पुग्न सक्थ्यो होला ? जालीनोट बनाउने मानिसहरू नभइदिएका भए कागजी नोट तयार पार्ने कामले आजको परिष्कृत रूप लिन सक्थ्यो होला र ? बेपारमा ठग्ने काम नभइदिएको भए सामान्य बेपारको क्षेत्रमा माइक्रोस्कोपले प्रवेश गर्न पाउँथ्यो होला र (हेर्नोस् बबेज)? प्रयोगात्मक रसायनशास्त्र आफ्नो सफलताको लागि इमानदार उत्पादकहरूको उत्साहप्रति जति आभारी छ त्यत्तिकै नक्कली सामान र यस्तो सामान फेला पार्ने प्रयासप्रति छैन र ? सम्पत्तिमाथि प्रहार गर्ने नयाँनयाँ साधनहरूलाई जन्माउँदछ र यसप्रकारले त्यो त्यसै मात्रामा उत्पादनको वृद्धिमा सहायक बन्दछ, जुन मात्रामा हड्तालहरू मेसिनहरूको आविष्कारको लागि सहायक बन्दछन्। अनि निजी अपराधको क्षेत्रलाई एकातिर पन्छाउने हो भने राष्ट्रिय अपराधबेगर अन्तर्राष्ट्रिय बजारको कहिल्यै प्रादुर्भाव हुन सक्थ्यो होला ? के यस्ता अपराधहरूविना स्वयं राष्ट्रहरू समेत पनि जन्मन्थे होलान् र ? अनि के एडमको पालोदेखि नै पापवृक्ष नै ज्ञानवृक्ष पनि बनेको होइन र ?

मान्देभिलले आफ्नो कृति (माहुरीको कथा १७०५) मा हरसम्भव पेशा उत्पादक हुन्छ भन्ने कुरा सावित गरिसकेका छन् र यस सम्पूर्ण तर्कलाई उनले प्रस्तुत उदाहरणमा व्यक्त गरेका छन्-

"जुन कुरालाई हामी यस संसारमा नैतिक तथा भौतिक दुष्कर्म भन्दछौं, त्यो त्यस्तो महान् सिद्धान्त हो, जसले हामीलाई सामाजिक प्राणी बनाएको छ र जुन विना कुनै अपवाद सबै पेसाहरू तथा व्यवसायहरूको सुदृढ आधार, जीवन्त शक्ति एवं अवलम्वन बनेको ,यहाँ हामीले समस्त कला तथा विज्ञानको वास्तविक स्रोत खोज्नुपर्छ , ठीक त्यसबेला, जब दुष्कर्म लोप हुन्छ, समाज पनि पूर्णतः नष्ट नै नभए पनि भ्रष्ट चाहिं अवश्य हुनेछ।अन्तर मात्र के छ भने बुर्जुवा समाजका कुपमण्डुक प्रशंसकहरको तुलनामा मान्देभिल कता हो कता बढी साहसी र इमान्दार थिए।

***नाम परिचय***

१) म्युल्नेर, आदोल्फ (१७७४-१८२९)- जर्मन लेखक तथा आलोचक

२) शिलेर, फिडरिक (१७५९-१८०५) -जर्मन कवि

३) मान्देमिल, वेर्नार दे (१६७०-१७३३) -बेलायतका नैतिकतावादी लेखक तथा व्यंग्यकार

## कवितामा...

बलात् हस्तेक्षप गर्नेप्रति निर्मम प्रश्न तेर्स्याउँदै यो पृथ्वी प्राणीमात्रको बासस्थान हो जसलाई हरण गर्ने ताकत कसैमा नभएको उल्लेख कविले गर्नुभएको छ। यसको तात्पर्य हो वर्गीय समाजमा विद्यमान अभिजात वर्गले गरिब जनलाई निचोर्ने मात्र होइन ज्यानको समेत हुर्मत लिने अधिकार आजका शासकलाई नभएको धारणा यहाँ प्रकट भएको छ।

समाजमा वर्ग रहेसम्म वर्गसङ्घर्ष अनिवार्य रहेको मार्क्सवादसम्मत धारणा प्रस्तुत गर्दै सुकुमवासी बस्ती भत्काएर आत्मरति प्राप्त गर्ने लाउकेहरूप्रति खबरदारी गर्दै मान्छेको जीवन जिउने अधिकारलाई कुण्ठित गर्न नपाइने अभिमत कवि पङ्ज्ञानिको रहेको छ। वर्गीय समाजको चरित्रअनुरूप समाजमा वर्गीय उत्पीडन कायम रहेसम्म वर्गसङ्घर्ष पनि अन्त्य नहुने विज्ञानसम्मत धारणाबाट कवि पङ्ज्ञानी अनुप्राणित रहेको बुझिन्छ।

काव्यात्मक प्रस्तुति जम्मा आठजनाको भएको र आठओटै कविता सुन्दा बान्कीमा सजिएको पाइन्छ। उदात्त चेतना भएका प्रतिभाशाली कविका लागि विषयको कमी हुँदैन विषयको अभाव त यथास्थितिवादीहरूका लागि हो, क्रान्तिकारीहरूका लागि विषय छरप्रस्टै छन्। अझ त्यसमा पनि विदेशीहरूको इसारामा मन्द्राउने पपुलिष्टहरूको आगमनपश्चात् मुलुकमा नवीन प्रकृतिका वितण्डा मौलाउन थाले। यसै त यसअगिका शासकको गैरजिम्मेवार चरित्रका कारण सङ्कटमा बामे सर्दै गरेको मुलुक साम्राज्यवादको नाङ्गो हस्तक्षेपपछि झनै सङ्कटको भुमरीमा फस्यो। त्यही सङ्कटापन्न एवम् जीर्ण अवस्थाको सम्यक् प्रस्तुति कवि जगदीशचन्द्र भण्डारीको 'बन्नुस्' शीर्षकको कवितामा भएको छ।

कवि जगदीशचन्द्र भण्डारीले यस कवितामा हालसालका नेपाली दलाल पपुलिष्टहरूतर्फ सङ्केत गर्दै उनीहरूको जन्म नै दलाल बन्नका लागि भएको ठोकुवा गर्नुभएको छ। अर्थात्, सत्कर्म गरेर दलाल नबनिने हुनाले कुकर्मका माध्यमबाट दलाल बन्नका लागि प्रशस्त सम्भावना भएको उल्लेख गर्नुभएको छ, दलाल बन्नका लागि अनगिन्ती सम्भावनाको आकलन गर्दै कवि भण्डारीले तिनको नालीबेलीसमेत प्रस्तुत गरेका अनेक दृष्टान्तमध्ये एउटा दृष्टान्त यहाँ प्रस्तुत गर्न सकिन्छ :

*संसदमा नबोली बन्नुस्*
*छलेर भागेर बन्नुस् अन्टसन्ट बोलेर बस्नुस्*
*सुकुमबासीलाई डोजर लगाएर बन्नुस्*
*साना नानीहरूलाई*
*रुवाएर बन्नुस्*
*होल्डिग सेन्टरमा*
*नखुवाई बन्नुस,*
*फेरी त्यहाँबाट*
*विस्थापन गरेर*
*कुनै संवाद नगरी बन्नुस्*

हो, यतिबेलाको नेपालमा दलाल बन्नका लागि अनेक अवसर विद्यमान छन्, ती सबैको नालिबेली यहाँ प्रस्तुत भएको छ। सुकुमबासी बस्तीमा डोजर लगाएर होस् वा सुकुमबासीलाई कुहीगन्धे होल्डिङ सेन्टरमा थुनेर वा त्यहाँबाट विस्थापन गरेर दलाल बन्नका लागि अनेक हर्कत गर्न सकिने दृष्टान्त कवि भण्डारीले प्रस्तुत गर्नुभएको छ। गाँजा खाएर होस् वा अश्लिल दोहोरी गाएर, कालो जुत्ता लगाएर होस् वा कालो चस्मा लगाएर होस्, बारबारा र युथ काउन्सिलसँग गठ्जोड गरेर होस् वा सारा धरोहर जलाएर होस् जसरी पनि दलाल बन्नुस् भनेर दलाल पपुलिष्टहरूप्रति यसमा कठोर व्यङ्ग्य गरिएको छ। अर्थात्, जुनसुकै हर्कत गरेर भए पनि दलाल बन्न पाउने अवसरबाट कोही पनि बञ्चित हुन नपरोस् जो दलाल बन्नका लागि लामबद्ध छन्।

साइनो कवितालेखनमा नेतृत्वदायी भूमिकामा रहनुभएका वा साइनो कविताका अभियन्ता छायादत्त न्यौपानेको 'माटो' शीर्षकको कविता अलि फरक विषयप्रसङ्गमा आधारित छ। यस कविताले समकालका बिब्ल्याँटाप्रति उतिसारो छेडखान गर्दैन बरू माटोको मानवीकरण गरेर त्यसमा भएको उर्वरा शक्ति बढाउन मल, जल, खन, खोरस अनि गोडमेल गर्नुपर्नेतर्फ सचेत गराइएको छ।

यस कवितामा एकलापी कथनका माध्यमबाट माटोको मानवीकरण गरेर त्यसका वैशिष्ट्य प्रस्तुत गरिएको छ। यहाँ झट्ट हेर्दा माटो अभिधाका तहमा सीमित भएजस्तो लाग्छ तर सवाल यत्तिमै सीमित नभएर लक्षणा र व्यञ्जनाका तहमा माटो भन्नु उर्वर एवम् उन्नत विचार हो जसमा कुनै प्रकारका धब्बा लाग्न दिनुहुन्न भन्ने आशय यहाँ व्यक्त भएको छ। माटोको मानवीकरण गरेर लक्षणाका तहमा जुन अर्थ निष्पन्न भएको छ त्यो भनेको उन्नत विचारको संवाहक हो। माटोमा मलजल र गोडमेल गर्दा उर्वरा शक्ति बढेजस्तै तीक्ष्ण एवम् गतिशील विचारका लागि मानव मनका विकृत भावलाई विस्थापित गर्दै उदात्त भावको जागरण गराउनुपर्ने सन्देश यस कवितामार्फत प्राप्त गर्न सकिन्छ। यस सन्दर्भमा कविको कथन यस्तो छ :

*मेरो बाटो छेक्न*
*झाँगिएको झार उखेल*
*घाँटी पुरै भिज्नेगरी*
*पानी देऊ, दिँदै गर*
*म लहलाउँछु*
*पुरै पाटाभरि उभिन्छु*
*तिमी रमाऊ*
*म मुस्कुराउँछु।*

अभिधाका तहमा माटो भूतलको उर्वरा शक्ति भए पनि व्यञ्जनाका तहमा मानवजातिले अवलम्बन गरेको विचार हो। जसलाई निखरो र स्वच्छ राख्न सकिन्छ। त्यही निखरो विचारले उन्नत एवम् परिवर्तनकामी विचारको सम्प्रेषण गर्न सकिन्छ भन्ने फरक प्रकृतिको तात्पर्यबोध यसमा गर्न सकिन्छ।

कवि रोशन जनकपुरीले फरक विषय र बान्कीको अत्यन्त मिठो कविता प्रस्तुत गरेर एउटा धुमिल बन्दैगरेको स्मृतिलाई ताजगी रूप दिनुभएको छ। समसामयिक विषय नभएर पनि अति सम्वेदनशील विषय जो इतिहासमा घटित घटना जनजनका मनलाई उद्दीप्त बनाइरहेको प्रसङ्ग। जनताका सेवक होनहार योद्धा रामवृक्ष यादव (मास्टर साहेब) को स्मृतिमा यो कविता प्रस्तुत भएको छ। अर्थात्, यस कवितामा यादवप्रति गहिरो सम्मानभाव प्रकट भएको छ।

'शीर्षकहीन' शीर्षकको यस कवितामा पृष्ठभूमिस्वरूप सहिदहरूप्रति सम्मानभाव प्रकट गर्दै सपनाको सूच्यात्मक सूत्र प्रस्तुत गरिएको छ। त्यसपछिको प्रसङ्ग भने रामवृक्ष यादवको स्मृतिमा उद्दाम भावको सञ्चार/सम्प्रेषण भएको छ। रामवृक्ष यादव (जो कवि पनि हुनुहुन्थ्यो) का बारेको जनपक्षीय यादगार पस्कनुअघि सपनाका बारेमा कविको कथन यस्तो छ :

*सपना आँखामा हुन्छ*
*तर अहिले*
*केही आँखाहरू थाकेका छन्*
*र केही अन्धा भएका छन्*
*नयाँ आँखा भएकाहरूको खोजी छ।*

यो अहिलेको तीतो यथार्थ हो। साँच्चि नै सपना आँखामा हुन्छ भनेर मान्ने हो भने आँखाहरू थकित र दृष्टिविहीन भइसकेका छन्। यहाँ आँखालाई क्रान्तिकारी विचारको समकक्षी बनाएर प्रस्तुत गरिएको छ। अर्थात् उपमेय विचारमा आँखा उपमानको प्रयोग गरेर उपमा अलङ्कारको प्रयोग यहाँ भएको छ। हो, अहिले क्रन्तिकारी पार्टी भुत्ते भएको छ, छिन्नभिन्न र क्षतविक्षत भएको छ अनि दृष्टिविहीन भएको छ। यसै तथ्यलाई यस पद्यांशले उजागर गरेको छ, अझ यसो भन्न सकिएला सपना देख्ने आँखाहरू नै दृष्टिविहीन भएको यस घडीमा सपनाको दाहसंस्कार भएको छ तर कविले यत्तिमै सन्तोष नगरी आँखा भएकाहरूको खोजी छ भन्नुले आशावाद र भविष्यदृष्टि जगमगाएको छ। ऊर्जाशील विचारको निर्माणले नै सपनालाई साकार रूप दिन सक्ने सन्दर्भमा पनि विचार निर्माणको प्रक्रियालाई कविले प्राथमिकतामा राखेको बुझिन्छ। यसको तात्पर्य हो रामवृक्ष यादवले देखेको सपनाका अनुयायीहरू थकित भए पनि वा अन्धा भए पनि नयाँ आँखा (अर्थात् नयाँ विचार) भएकाहरूको आगमन र उपस्थापन अवश्यम्भावी छ। समकालको बर्मझिया र अतीतको रामवृक्षका बारेमा कविको कथन यस्तो छ :

*बर्मझियामा अचेल*
*रामवृक्षको सहादत दिवसमा मेला लाग्छ*
*र लाग्छ बजार*
*यस मेलामा सबथोक पाइन्छ*
*यस बजारमा*
*तपाईंको मन रमाउने*
*सबथोक किन्न पाइन्छ*
*मात्रै ती सपनाहरू पाइँदैन*
*जो रामवृक्षले भत्केका झुप्राहरूको*
*आँखामा बाँड्ने गर्थे।*

कविले पृष्ठभूमिस्वरूप सुरुमा सङ्केत गरेको सपना र रामवृक्ष यादवले वर्मझियाका झोपडीहरूमा बाँड्ने गरेका सपनाका बिचमा गहिरो तादात्म्य यहाँ देख्न सकिन्छ। सहादत प्राप्त गरेको त्यस स्थानमा हाटबजार लाग्छ र सबथोक किन्न पाइन्छ तर हिजोका दिनमा रामवृक्षले जनजनका झोपडीमा बाँड्ने गरेको सपना किन्न पाइन्न। यसको तात्पर्य हो सपना देख्ने आँखाहरू यतिबेला थकितमात्र छैनन् अपितु अन्धासमेत भएका छन्। रामवृक्ष यादवको अतीत र अहिलेको क्रान्तिको गतिका बिचमा देखिएको बेमेलको प्रत्यङ्कन गर्ने सुन्दर कविता हो यो।

लामो समयपछि वर्तमानबोधका कविता सुनेर तृप्त भइयो। तर, थोरै जिज्ञासा अनुत्तरित नै रहेका छन्। कवि अनिल श्रेष्ठले किन कविता सुनाउनु भएन। अनिलजीसँग कविता थिएन होला भन्ने त कल्पना नै गर्न सकिन्न। उहाँले त साथीहरूले बाचन गरेका कविता मोबाइल (क्यामरा) मा कैद गरेरै समय व्यतीत गर्नुभो। वन्दना ढकालले छोटो मन्तव्यबाट कविता साँझको बिट मार्नुभयो तर कविताका बारेमा बोल्नु भएन, कविताबारे पनि सोलोडोलो धारणा राख्नुभएको भए अझ सुनमा सुगन्ध हुन्थ्यो कि ?

त्यस साँझमा वाचित प्रायजसो कविता सुन्दर छन्, बान्की परेका छन्। यसको तात्पर्य हो ती सबै कवितामा खोट लाउनै सकिन्न वा ती दुधले नुहाएका छन् भन्ने पनि होइन। कमीकमजोरी छन् म त्यसतर्फ प्रवेश गर्न चाहिन, थोरै त समालोचकीय धर्मबाट पछि हटेँ। कुनै समयमा त्यसको चर्चा पनि होला नै।

यहाँ वाचन भएका आठओठा कवितामध्ये छओटा कविता गत भदौ २३/२४ को विध्वशं, विनास र वितण्डाका कारण सृजना भएको परिस्थितिसँग सम्बन्धित छन्। अझ त्यसमा पनि प्रायजसो कविता त सुकुम्बासी वस्ती उजाड्ने डोजर आतङ्कसँग सम्बन्धित छन्। यसो भनौँ गरिब जनलाई देखिनसहने सत्ताको स्वाँठ प्रवृत्तिमा आधारित छन्। यिनमा विषय चयन पनि सुन्दर छ र विम्बात्मक प्रस्तुतिका कारण कलात्मक बान्की पनि सुन्दर छ। सबैजसो कवितामा अर्न्तवस्तु र रूपको सन्तुलित विन्यास छ, सबै कविता सुन्दर छन्, ती सुन्दर मध्येमा पनि रोशन जनकपुरीको शीर्षकहीन कविता अझ बढी सुन्दर छ। अस्तु।

# आलोपालो

## बालेन सरकार : परिवर्तनको सरकार कि पुरानै राज्यसत्ताको नयाँ अनुहार ?


● नरेन्द्रबहादुर थापा ●

पुराना राजनीतिक दल, पुराना नेतृत्व, पुरानै भाषण र पुरानै शासनशैलीप्रति लामो समयदेखि बढिरहेको वितृष्णाका कारण राष्ट्रिय स्वतन्त्र पार्टीको बालेन सरकार आएको हो ।

सरकार गठन भएको चार महिना पूरा गरी पाँच महिनामा प्रवेश पनि गरिसकेको छ। सरकारले आफ्नो पहिलो सय दिनलाई सुधार र परिवर्तनको प्रारम्भिक चरणका रूपमा प्रस्तुत गरेको छ। सरकारले १०० बुँदे कार्यसूची सार्वजनिक गरेर शासन सुधार,प्रशासनिक पुनर्संरचना, सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र राज्य सञ्चालनमा परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। तर व्यवहारमा सरकार पूर्व घोषित कार्यसूचीमा असफल भएको छ ।

बालेन सरकार परिवर्तनको सरकार हो कि पुरानै राज्यसत्ताको नयाँ अनुहार मात्र हो ? व्यवहारबाट बालेन सरकार पुरानै सत्ताको नयाँ अनुसार मात्र हो भन्ने सिद्ध भएको छ । राज्यसत्ताको संरचना, प्रशासनिक संस्कृति, आर्थिक सम्बन्ध, निर्णय प्रक्रिया, शक्ति वितरण र जनताप्रतिको उत्तरदायित्वको चरित्र परिवर्तन भएन भने व्यक्ति परिवर्तनले मात्र राजनीतिक परिवर्तन पूरा हुँदैन ।

सरकार फेरिए। प्रधानमन्त्री फेरिए ।मन्त्री फेरिए ।सत्ता समीकरण फेरिए। तर जनताको अवस्था फेरिएन ? यही प्रश्न क्रमशः गहिरिँदै गयो । युवामा बेरोजगारी, वैदेशिक पलायन, शिक्षा र स्वास्थ्यको महँगी, सार्वजनिक सेवामा झन्झट, भ्रष्टाचार, राजनीतिक पहुँचबिना काम नहुने प्रवृत्ति, सरकारी कार्यालयमा ढिलासुस्ती, ठेकेदार र राजनीतिक शक्तिबीचको सम्बन्ध, सार्वजनिक स्रोतको दुरूपयोग र नेताको जीवनशैलीप्रतिको असन्तोष–यी सबैले पुरानो राजनीतिक संरचनामाथि प्रश्न उठाउँदै लगे ।

जेन्जी आन्दोलनले त्यो असन्तोषलाई सडकमा अभिव्यक्त गर्‍यो । जेनजी आन्दोलनपछि बनेको शुशिला कार्की नेतृत्वको सरकार त्यसपछिको बालेन सरकारले पनि जनतालाई सुशासनको अनुभूति दिएको छैन बरु उत्पीडन थोपरेको छ । कुनै नेता आउँछ ।उसलाई परिवर्तनको प्रतीक बनाइन्छ ।जनताले आशा गर्छन् ।केही समयपछि त्यही व्यक्तिको वरिपरि शक्ति केन्द्रित हुन थाल्छ । पार्टीभन्दा नेता ठूलो हुन्छ। संस्थाभन्दा कार्यालय ठूलो हुन्छ। नियमभन्दा पहुँच ठूलो हुन्छ ।अन्ततः परिवर्तनको नाममा फेरि पुरानै सत्ता संस्कृतिको पुनरावृत्ति हुने गर्छ ।

नेपालको कर्मचारीतन्त्र केवल कर्मचारीको समस्या मात्र होइन। यो दशकौंदेखि विकसित भएको एउटा प्रशासनिक संस्कृतिको परिणाम हो,फाइल रोक्ने संस्कृति ।जिम्मेवारी पन्छाउने संस्कृति ।माथिको आदेश पर्खने संस्कृति ।राजनीतिक पहुँच खोज्ने संस्कृति ।ठेकेदार र बिचौलियाको प्रभाव ।सरकारी स्रोतलाई निजी लाभसँग जोड्ने प्रवृत्ति । यी समस्या केही कर्मचारी हटाएर वा केही सरुवा गरेर मात्र समाप्त हुँदैनन् ।त्यसका लागि प्रशासनिक संरचनामै आमूल परिवर्तन गर्न जरुरी छ ।ठेक्का कसरी दिइन्छ ? बजेट कसरी बाँडिन्छ ? भूमि र सार्वजनिक सम्पत्तिको संरक्षण कसरी हुन्छ ? कर छुट कसलाई दिइन्छ ? नीतिगत निर्णयबाट कसलाई लाभ हुन्छ ? सरकारी खरिदमा प्रतिस्पर्धा *बाँकी ५ पेजमा*

## सूचनाको हक : नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सावृजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

## रंगभेदी...

रंगभेदी शासनबारे संक्षेपमा हार्स सियालिटी अफ लाइफ अन्डर आपार्थराइड इन साउथ अफ्रिका भन्ने पुस्तकमा उल्लेख भएका मुख्य बुंदाहरू बारे चर्चा गरौं :

(१) पास.कानुन अनुसार अश्वेत नागरिकहरूलाई स्वतन्त्र रूपमा हिंडडुल गर्न प्रतिबन्ध लगाइएको थियो। उनीहरूले सधै पासबुक नामक परिचयपत्र बोक्नु पर्थ्यो। त्यो नदेखाए तत्काल जेल वा यातना दिइन्थ्यो ।

(२) गोराहरूले ८६ प्रतिशत भूमिमा आफ्नो नियन्त्रण कायम गरेको थियो र अश्वेत जातिलाई बाँझो तथा साँघुरो क्षेत्रमा बस्न बाध्य बनाएको थियो। जसलाई होमल्याण्ड (बान टुस्टानस) भनिन्थ्यो ।

(३) अश्वेत र गोरा मानिसका बीचमा विवाह वा यौन सम्बन्ध राख्नु गैर कानुनी घोषित गरिएको थियो ।

(४) अस्पताल, स्कूल, कलेज, समुद्र तट, सार्वजनिक शौचालय र यातायातका साधनहरू पनि अश्वेतका लागि अलग गरिएका थिए। अश्वेत जातिका लागि अत्यन्त न्यून गुणस्तरका सुविधाहरू छुट्याइएका थिए ।

(५) बान्टु शिक्षा ऐन अन्तर्गत अश्वेत बालबालिकाका लागि गोरा मानिसको अधिनमा मजदुर बनाउने उद्देश्यले कम गुणस्तरका कमजोर र सीमित शिक्षा दिइन्थ्यो ।

६) अश्वेत जातिलाई मतदान गर्ने अधिकारै थिएन र शान्तिपूर्ण आन्दोलन गर्ने वा रंगभेदको विरोध गर्ने नेताहरूलाई विना सुनुवाई वर्षौंसम्म जेलमा राखिन्थ्यो र राज्यको सुरक्षा फौजले सयौं प्रदर्शनकारीहरूको हत्या गरेको थियो। अर्को शब्दमा भन्ने हो अश्वेत जातिले आफ्नै देशमा नै दास जस्तो जीवन बिताउनु परेको थियो ।

द. अफ्रिकामा रंगभेदी शासनको ऐतिहासिक विवरण :

रंगभेद (अपार्थइड) को नीति औपचारिक रूपमा स्न १९४८ को महिनाबाट शुरु भएको थियो। त्यस वर्ष भएको आम निर्वाचनमा नेशनल पार्टी विजयी भएपछि भएको हो। अफ्रिकी भाषामा अपार्थाइडको अर्थ छुट्टै बस्नु हुन्छ। यस प्रणालीले देशका मानिसहरूलाई जातीय आधारमा विभाजन गरेर श्वेत अल्पसंख्यकहरूलाई पूर्णशक्ति र अधिकार दियो (साउथ अफ्रिकन हिस्टोरीन +२)

(१) श्वेत रंगभेदवादी शासनले अश्वेत जातिलाई भूमिबाट बञ्चित गर्ने जस्ता कानुनहरू सन् १९१३ को लाइन्ड आइक्टदेखि नै लागु हुन थालेको थियो। तर १९४८ पछि यसलाई कानुनी रूपमै कडा र व्यवस्थित बनाइयो ।

२) जातीय वर्गीकरण (सन् १९५०) अनुसार जनसंख्या दर्ता ऐन अन्तर्गत प्रत्येक नागरिकलाई जन्मजात नै एक जातिमा वर्गीकरण गरियो (क) गोरा (ख) अश्वेत ।

३) रंगीन अर्थात् मिश्रित जातिका मानिसहरूमा भारतीय तथा एसिएनहरूलाई वर्गीकरण गरिए ।

(४) आवास र भूमिमा विभाजन : ग्रुप एरिचाज आएक्ट १९५० अनुसार विभिन्न जातिका मानिसहरू कहाँ बस्न पाउने भनेर स्पष्ट रूपमा छुट्र्याइयो र अश्वेतहरूलाई सहरका सान क्षेत्रहरू (टाउनसिया वा राज्यद्वारा निर्मित होमल्यान्डस) मातृभूमिमा बस्न बाध्य पारियो। अश्वेतहरूले आफू खुशी जग्गा किन्न र बेच्न पनि पाउँदैनथे ।

अफ्रिकन नेशनल कांग्रेस पार्टीको नेतृत्वमा नेल्सन मण्डेला लगायत नेताहरूले आजीवन संघर्ष गरे। शान्तिपूर्ण आन्दोलनहरूलाई जातिवादी सत्ताले निर्ममतापूर्वक दमन गर्‍यो। यसको ज्वलन्त उदाहरण सन् १९६० को मार्च २१ मा सार्पभिल नरसंहारमा थोरैमा पनि ९१ जना मारिए र २८१ घाइते भए। यो पास लकको विरुद्ध भएको अश्वेत संघर्ष हो। त्यो नरसंहार गोराहरूको राक्षसी कालो ऐतिहासिक दिन हो। आन्दोलनको आह्वान प्यान-अफ्रिकानिस्ट कांग्रेस(पिएसी) ले गरेको थियो। र हजारौं अश्वेत अफ्रिकीहरू काला जातिको स्वतन्त्रताका लागि शान्तिपूर्ण प्रदर्शन गर्दै सार्पभिल प्रहरी चौकी अगाडि भेला भएका थिए। उनीहरू पास कानुनको विरोध गर्न र आफूनो गिरफ्तारी दिन जम्मा भएका थिए। पास कानुनले अश्वेतहरूलाई आफ्नै देशमा स्वतन्त्र रूपमा हिंडडुल गर्न प्रतिबन्ध लगाइएको थियो। प्रदर्शनमा झण्डै ५००० देखि ७००० मानिसहरू सहभागी थिए। शान्तिपूर्ण भेला भएका अश्वेत नागरिकहरूमाथि रंगभेदी सरकारको प्रहरीले कुनै चेतावनीविना नै अन्धाधुन्ध गोली चलाएको थियो । करिब १२ मिनेटसम्म चलेको उक्त गोली काण्डको संयुक्त राष्ट्र संघले रंगभेदको चर्को विरोध गर्‍यो र २१ मार्चलाई जातीय भेदभाव उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउन थाल्यो। त्यस घटनाले गर्दा शान्तिपूर्ण आन्दोलनबाट कुनै परिवर्तन नआउने निष्कर्ष निकाल्दै नेल्सन मण्डेला लगायत नेताहरूले सशस्त्र संघर्षको बाटो रोज्य बाध्य भएका थिए ।

द. अफ्रिकन कम्युनिस्ट पार्टी (एसएसिपी) को स्थापना सन् १९२१ मा कम्युनिस्ट पार्टी अफ साउथ अफ्रिका (सिपिएसए) को रूपमा भएको थियो। यो अफ्रिका महादेशको दोस्रो सबै भन्दा पुरानो राजनीतिक पार्टी हो। यस पार्टीको इतिहास र विकासलाई निम्न चरणमा जान्न सकिन्छ। (कांग्रेस अफ साउथ अफ्रिका +३)

प्रारम्भमा पार्टीको नेतृत्व पूर्णतयाः श्वेत वर्णका मजदुरहरूमा केन्द्रित थियो र यसको मूल आधार पनि श्वेत मजदुरहरू नै थिए। तर सन् १९२४-२५ पछि पार्टीले आफ्नो ध्यान अश्वेत अफ्रिकी मजदुरहरूलाई पनि संगठित गर्नमा केन्द्रित गर्‍यो। कम्युनिस्ट इन्टरनेशनल (कोमिनटर्न ) को निर्देशनमा सन् १९२८ मा पार्टीले स्वतन्त्र नेटिभ रिपब्लिक (इन्डिपेन्डेन्ट नेटिभ रिपब्लिक) को नारा अघि सार्‍यो, जसले गर्दा पार्टीमा अश्वेत सदस्यहरूको संख्या र प्रभाव बढ्न थाल्यो। १९५०-१९६० दशकमा प्रतिबन्धित भएर भूमिगत संघर्ष गर्‍यो। कम्युनिस्टहरूको प्रभावबाट डराएर सरकारले सन् १९५० मा (सप्रेसन अफ कम्युनिजम एक्ट) कम्युनिस्टहरूलाई दबाउने कानुन पास गर्‍यो र कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगायो। (कांग्रेस अफ साउथ अफ्रिका +३) गिरफ्तारी र दमनबाट जोगिन नेतृत्वले सन् १९५० मा पार्टी विघटन गर्‍यो। तर सन् १९५३ कपालाई गोप्य रूपमा पुनर्गठन गरी साउथ अफ्रिकन कम्युनिस्ट पार्टी (एसएसिपि) को नाम राखियो। सन् १९६० मा अफ्रिकी नेशनल कांग्रेस (एएनसि) लाई पनि प्रतिबन्ध लगाइयो। यसपछि (एसएसिपि) र एएनसिको संयुक्त नेतृत्वमा "उमर वोन्टो वे सिज्वे" नाम गरेको सशस्त्र भूमिगत संगठनको स्थापना गरियो। जो स्लोभो, क्रिसहानी र रुसथ फर्स्ट जस्ता एसएसिपिका नेताहरू यस सशस्त्र संघर्षका प्रमुख योजनाकार थिए। सोभियत संघको विघटन र अन्तर्राष्ट्रिय दबाबका कारण सन् १९९० मा सरकारले एसएसिपिमाथिको प्रतिबन्ध हटायो र नेल्सन मण्डेला रिहा भए। सन् १९९० देखि २०२० को दशक त्रिपक्षीय गठबन्धन एसएसिपि, एएसिर सिओएसएटियु (ट्रेड युनियन महासंघ) बीच गठबन्धन बन्यो ।

पछिल्ला दशकहरूमा एसएपिपि र एएनसीको गठबन्धनमा मतभेद र तनावहरू चुलिंदै गएका छन्, किनभने एएनसि पुंजीवादतर्फ प्रतिबद्ध छ र भ्रष्टाचारका विरुद्ध निरन्तर संघर्ष गर्दै सर्वहारा वर्गको पक्षमा संघर्ष गर्दै आएको छ। नेल्सन मण्डेलाका साथसाथै रंगभेद विरोधी संघर्ष गरेका दक्षिण अफ्रिकान कम्युनिस्ट पार्टीका जनरल सेक्रेटरी क्रिसहानीको १० अप्रिल १९९३ मा जानुस वालुस नाम गरेको दक्षिणपन्थी पोलिस आप्रवासीले गोली हानेर हत्या गर्‍यो। त्यस हत्याको मुख्य उद्देश्य द. अफ्रिकालाई रंगभेदबाट लोकतन्त्रतर्फ जानबाट रोक्न र गृहयुद्ध भड्काउनु थियो। त्यस दिन जब क्रिसहानी जोहान्सवर्ग नजिकैको बोक्सवर्गस्थित आफ्नो घर बाहिर पत्रपत्रिका लिन जाँदै थिए। तव हत्यारा बालुसले नजिकैबाट चार गोली हान्यो र क्रिसहानीको तत्काल मृत्यु भयो। त्यस हत्याका योजनाकार र पिस्तोल उपलब्ध गराउने द. अफ्रिकी कन्जर्भेटिभ पार्टीका नेता क्लाइभडर्बी लेबिस थिए। दुवै जनालाई अदालतले आजीवन कैद सजाय सुनाएको थियो। यो घटनाले रंगभेदको अन्त्यतिर पुगेका द. अफ्रिकालाई करिब गृहयुद्धको नजिक पुर्‍याएको थियो। हानीको हत्याका विरुद्ध आक्रोशित भीडले गरेको विरोध प्रदर्शन र झडपहरूमा देशभर करिब ८० जनाको ज्यान गयो। नेल्सन मण्डेलाले हत्याको विरोध र शान्तिको अपिलले दुवै पक्षलाई वार्ताका लागि दबाब दियो र २६ र २९ अप्रिल १९९४ मा देशको पहिलो बहुजातीय प्रजातान्त्रिक निर्वाचन भयो ।

करिव ३० वर्ष जेल सजाय काटेपछि संवैधानिक अदालतले हत्यारा बालुसलाई जेल मुक्त गर्‍यो। यो निर्णयको एसएसिपि र हानीको परिवारले कडा विरोध गरेपछि २०२४ मा हत्यारालाइ पोल्याण्ड देश निकाला गर्‍यो ।

रंगभेदको अन्त्यका लागि मण्डेलाले २७ वर्ष जेल जीवन बिताएर द. अफ्रिकालाई अश्वेतहरूको हातमा सत्ता ल्याए पनि शान्तिपूर्ण मेलमिलापको नीति लिएकाले पहिलेका क्रुर श्वेत जातिवादी क्लार्क र बोथाले गरेका जघन्य अपराधका लागि दण्डित गरिएन। अपार धन सम्पत्तिका मालिक गोरा नै यथावत छन् भने अश्वेत जनता उनीहरूको पुँजीवादी दासता, शोषण, उत्पीडन र दमनको शिकार भइरहेछन्। अपार धन सम्पत्तिका मालिक द. अफ्रिकी जनता चरम गरिबीले ग्रस्त छन्। त्यहाँ बेरोजगारी दर ३३ प्रतिशत छ भने युवा बेरोजगारी दर झन् डरलाग्दो रूपमा ४६ प्रतिशत भन्दा माथि रहेको अनुमान छ। यसले गर्दा गरिबी र असमानताको खाडल दिनप्रतिदिन चौडा हुँदै छ। समाजमा हिंसात्मक अपराध, डकैती र असुरक्षाको दर उच्च छ। द. अफ्रिकामा बढ्दो बेरोजगारी र गरिबीका कारण स्थानीय जनता अफ्रिकी मुलुकका आप्रवासीहरू बीच गम्भीर तनाव उत्पन्न भएको छ। रोजगारी र अवसरहरू खोसिएका भन्दै आप्रवासीहरूलाई लक्षित प्रदर्शन र हिंसाका घटनाहरू भइरहेका छन्, जसको परिणाम सामाजिक सद्भाव खलबलिएका छन् ।

अन्तमा मुलुकमा अपार धन सम्पत्ति भए पनि गरिबी बेरोजगारीले ग्रस्त हुनु मुख्य कारण पुँजीवादी व्यवस्था हो। पुँजीवादी व्यवस्थामा सम्पूर्ण उत्पादनका साधनहरूमाथि मुठीभर धनाढ्यको अधिकार हुनु हो। अश्वेतको शासनसत्ता भए पनि पुँजीवादी सत्ता भएकाले पुँजीवादी वर्ग त्यसमा पनि द. अफ्रिकाको विशिष्ट परिप्रेक्ष्यमा सम्पूर्ण राम्रा उब्जाउ जमिन तथा बहुमुल्य खनिज सबै गोराकै अधिन भएकाले अश्वेतहरू गरिबी, दासता र अपमानको पीडा भोग्न बाध्य छन्। द. अफ्रिकामा करिब ४.५ मिलियन द. अफ्रिकी गोरा छन्। उनीहरूमा डच, जर्मन र फ्रेन्च छन् जो धनी र सम्पन्न छन्। अश्वेत अफ्रिकी नागरिक ६० प्रतिशत भन्दा बढी गरिबीको रेखामुनि छन् ।

सम्पूर्ण आर्थिक मेरुदण्ड अझै गोराहरूको अधीनमा भएकाले अफ्रिकी जनता अझै श्वेत रंगभेदी जुवामुनि छन्। नेल्सन मण्डेलाले शान्तिपूर्ण मेलमिलापको नाममा श्वेत आधिपत्य यथावत कायम भयो। श्वेत सत्ताले अश्वेतहरूलाई गुणस्तरीय शिक्षाबाट बञ्चित गर्नु र अहिले पनि विद्यालयका कमजोर पूर्वाधार र सीप विकास तालिमको अभावले उनीहरू उच्च आय भएका प्राविधिक कामबाट वञ्चित छन्। श्वेत सत्ताले अश्वेतहरूलाई मुख्य सहरहरूबाट टाढा काठ (टाउनसिय) वस्तीहरूमा राखे, जसले गर्दा आज पनि काममा पुग्न दैनिक घण्टौं लाग्ने र महंगा सार्वजनिक यातायातमा भाडा तिर्नुपर्ने बाध्यताले उनीहरूको तलव ज्यालाको ठूलो हिस्सा यातायातमै सकिन्छ। उत्पीडन र विभेद यस्तो छ कि कार्यस्थलमा अझै पनि संरचनात्मक विभेद यथावत छन् जसले गर्दा उनीहरूलाई समान कामको समान ज्याला नपाउने र राम्रो पदमा बढुवा नहुने समस्या छ। द. अफ्रिकी अश्वेत उद्योगी व्यवसायीका लागि स्वामित्व र पुंजीको अभावले गर्दा उद्यमशीलता वा व्यवसाय प्रारम्भ गर्न नै ठूलो संघर्ष गर्नुपर्छ। यति लामो विवरणले के प्रष्ट हुन्छ भने शताब्दीयौं वा दशकौंसम्म जे जस्ता बलिदान गरेर पूँजीवादी प्रजातान्त्रिक व्यवस्था ल्याए पनि गरिब, किसान तथा मजदुर वर्ग शोषित, उत्पीडित, दमित, अपमानित र पुँजीवादी दासताबाट मुक्त हुन सक्दैनन्। जबसम्म पुँजीवादी आर्थिक आधारको ठाउँमा सर्वहारावादी आर्थिक आधार कायम गरिँदैन। यस कारण सर्वहारा वर्ग तथा आम जनताको मुक्तिको बाटो भनेको मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा हो ।




**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।